असर शैक्षिक सर्वेक्षण (प्रदेश २) को लागि निर्देशन पुस्तिका

INSTRUCTION BOOKLET FOR ANNUAL STATUS OF EDUCATION REPORT (ASER) SURVEY IN PROVINCE 2

चैत्र २०७५

MARCH 2019

मुख्य प्रशिक्षकको रुपमा तपाईहरुले बुझ्नुपर्ने आफ्ना दायित्वहरु

१. तपाईको मुख्य दायित्व भनेको नै तथ्याङ्क संकलनको काम ईमान्दारिताका साथ भएको सुनिश्चित गराउने र वास्तविक तथ्याङ्क प्राप्तहुने अवस्था बनाउने हो । यस सर्वेक्षणका लागि तथ्याङ्क संकलनको विधि यसै क्षेत्रमा बर्षौं अनुभवभएका विज्ञहरुबाट तय गरिएको हो । यदि तपाईले यो विधिहरु राम्रोसँग बुझेर स्वयमसेवकहरुलाई त्यसै अनुसार गर्न लगाउनुभयो भने हामीले नेपालमा पढाई तथा सिकाईको अवस्था कस्तो छ भन्ने सहि तथ्याङ्क पाउँनेछौ । यसरी प्राप्त तथ्याङ्कको आधारमा नै सरकार तथा विभिन्न संघसंस्थाले के कसरी सहयोग गर्न सकिन्छ भनेर योजना बनाउने हुन । यस्तै तथ्याङ्कको आधारमा विभिन्न नियम, कानुन तथा नीतिहरु बनाईन्छ । यदि तपाई हामी सावधान भएर काम गरेनौ भने धेरै रकम र धेरै समयहरु त्यतिकै वर्वाद हुनेछ । यो हाम्रो आँउदो पुस्ताको भविष्यका लागि हामीमाथि ठुलो जिम्मेवारी हो । तपाईले यो काम गर्दै गर्दा आफ्नै वा आफ्ना नातेदारहरुको बालबच्चाको पढाईको बारेमा पनि सोच्नु होला । त्यसैले तोकिएको विधि प्रक्रियाबाट तथ्याङ्क संकलन गरि गुणस्तर कायम गर्ने तपाईहाम्रो मुख्य जिम्मेवारी हो । यसै जिम्मेवारीका लागि सहयोग गर्न यो निर्देशिका तयार पारिएको हो ।

२. तपाईको अर्को जिम्मेवारी भनेको असर सर्भेक्षणको विधि राम्रो सँग सिकेर अरुलाई सिकाउन सक्ने बन्नु हो । यहाँ आउनुभएका प्रशिक्षकहरु यसै विधिको अनुभवी व्यक्तिहरु हुनुहुन्छ । उहाँहरु धेरै भन्दा धेरै प्रश्नहरु सोधेर यस तालिमको अवसरलाई सर्भेक्षण विधि सिक्ने अवसरको रुपमा प्रयोग गर्नुहोस ।

३. तथ्याङ्क संकलनबाट आएको जानकारीहरु हामीले जे जस्तो पायौ सहि तरिकाले तथ्याङ्क भर्ने सफ्टवेयरमा राखेर बुझाउनु तपाईको अर्को महत्वपुर्ण जिम्मेवारी हो ।

४. तपाईले सर्भेक्षण गर्ने स्थानियतहको निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारी तथा स्थानिय बुद्धिजीवि तथा नेताहरुलाई असर सर्वेक्षणको बारेमा झर्को नमानी बुझ्ने गरी बताउने र उहाँहरुबाट सहयोग पनि लिने अर्को जिम्मेवारी हो ।

५. एकदमै प्रतिबद्ध र सक्षम स्वयमसेवकहरुलाई तथ्याङ्क सकंलनका लागि छनौट गर्नु र परिचालन गर्नु तपाईको दायित्व हो । यो नागरिकहरुको नेतृत्वमा हुने मुल्याङ्कन विधि भएकोले सक्षम व्यक्तिहरु तथ्याङ्क संकलनको काममा हुनु एकदमै जरुरी छ ।

६. स्वयमसेवकहरुलाई तथ्याङ्क सकंलनका लागि असर सर्भेक्षणको विधि राम्रो सँग सिकाउने अर्को महत्वपुर्ण जिम्मेवारी हो ।

७. राम्रो सँग स्वयमसेवकहरुको तथ्याङ्क सकंलनको कामको सुपरीवेक्षण गर्नुपर्छ जसको कारणले काम लाग्ने तथ्याङ्क प्राप्त होस ।

Understanding your duties as a Master Trainer

1. Your **main duty** is ensuring that the data collection is followed faithfully and results in very accurate the data.

2. The process of collecting this data is designed by experts with decades of experience. If you understand and make your volunteers follow this process exactly, we will get data that reflects the true state of learning in Nepal.

3. Lot's of funds - from the development sector and also the government - will be decided on the basis of this data. Many laws will be passed on the basis of this data. If you are not careful lots of money and the time will be waste. This is not just a job you are taking to earn some money. This is a big responsibility towards ensuring the future of the next generation. When you do this work think of your own children and that of your relatives.

4. Thus, ensuring the quality of the data by following the process is your most important duty. All your other duties, responsibility and things in this manual are designed to make sure you can execute this main responsibility well.

5. Another duty is to understand the ASER methodology well so that you can teach it to others. Your trainers are experts with lots of experience. Ask them lots of questions. Use this training because the opportunity will not come again.

6. To enter the data that comes from the field into the data collection system. You must enter the data well and accurately so that it reflects what we found in the households.

7. To ensure that community leaders, elected officials and civil servants are aware and committed to helping ASER run.

8. To recruit committed and capable citizen assessors. This is a citizen-led assessment and the assessors are a critical part of the survey.

9. To teach the citizen assessors the ASER methodology so that they can execute it well

10. To supervise and monitor the citizen assessors so that they get good data that is actionable.

हामी असर सर्भेक्षण किन गर्छौं ?

१. आफ्नो क्षेत्रमा बालबालिकाको पढाई तथा सिकाईको वास्तविक अवस्था के रहेछ भनी थाहा पाउन । अझै भन्नु पर्दा, के हाम्रा बालबालिकाहरूले आधारभुत कुराहरू जस्तै नेपाली तथा अंग्रजी पढने र सामान्य हरहिसाब गर्न जानिरहेका छन त ? भनेर जान्न । किनकी आधारभुत पढाईको पनि ज्ञान नभएमा हाम्रो नँया पुस्ताले जीवनमा अगाडि बढन सक्दैनन् । त्यसैले हामी चाहन्छौ की सबै जना बालबालिकाहरुको पढाई तथा सिकाई सुधार गर्न जिम्मेवार बनौ । असर सर्वेक्षणको जानकारीहरु हामीलाई पढाई तथा सिकाई सुधार गर्ने काममा ध्यान दिन धेरै महत्वपुर्ण हुनेछ ।

२. गाँउ तथा नगरका स्थानिय सरकारहरु र स्थानिय नेतृत्वहरुले सजिलै बुझ्न सक्ने र सरल खालको विधि तयार गर्न । नेपाल सरकारको उच्चतहका नीतिनिर्मातालाई सघाउने तथा राष्ट्रियरुपमा विश्लेषण गर्न मिल्ने आफ्नै विस्तृत शैक्षिक मापनको विधिहरु छन । यसका जानकारीहरु बुझ्नका लागि प्राविधिक व्यक्तिहरुको सहयोग चाहिन्छ । असर सर्भेक्षणको उद्धेश्य यस्ता अन्य विधिहरुबाट हुने शैक्षिक मापनलाई सामान्य व्यक्तिहरुले पनि सजिलै बुझ्न सक्ने र सरल खालको विधि तयार गरि थप सहयोग गर्ने हो ।

Why we do ASER?

1. To ensure all our citizens have functional literacy at the basic level so that they can progress in life. Without the ability to read and do math our younger generation will fall very far behind. We wish to make sure that everyone responsible for their learning is working hard to make them a success. ASER information helps us focus attention on this very very important issue.

2. To create a simple, easy to understand tool that local governments and community leaders can understand. The Government of Nepal has some very detailed assessments to help high level officials make policy decisions. These assessments require technical expertise to understand. They are very important in guiding the education policy of the nation. The ASER has a different objective.
   The ASER complements these tools by creating a simple, easy to use method that community leaders and officials at local levels can understand easily.

3. To make the community aware of the state of learning in their own area. The results of the ASER are used by citizens, activists and non-govt organizations to help their own communities and community leaders become aware of the gaps in education. Thus helping these leaders focus more energy and resources in fixing them.

असर सर्भेक्षण के हो ?

गएको २० बर्षमा विद्यालय जाने बालबालिकाहरको सङ्ख्यामा उल्लेख्य सुधार भएको छ, सन २००० मा ७२.६१ ५ रहेको विद्यालय जाने बालबालिकाहरूको सङ्ख्या सन २०१४ मा आईपुग्दा ९४.४७ ५ पुगेको देखिन्छ । यो एउटा महत्वपुर्ण उपलब्धी हो । तर विद्यालय गईरहेका बालबालिकाहरूले के सिकिरहेका छन त ? विद्यालयको कक्षाकोठामा समय विताएका जो कोहिलाई थाहा छ की बालबालिकाहरू विद्यालयमा जाँदैमा आवश्यक कुराहरू सिकिरहेका हुन्छन भन्ने कुनै ठोकुवा गर्न सकिदैन । अभै भन्नु पर्दा, के हाम्रा बालबालिकाहरूले आधारभुत कुराहरू जस्तै नेपाली तथा अंग्रजी पढने र सामान्य हरहिसाब गर्न जानिरहेका छन त ? यस्तै प्रश्नहरुको जवाफ पाउन नागरिकहरुको तर्फबाट गरिने मापन विधिनै असर सर्भेक्षण हो ।

यसमा २ वटा शब्दहरु छन : नागरिक नेतृत्व र मापन । यो नागरिक नेतृत्वमा नागरिकहरुको तहबाट गरिन्छ । यसमा सरकार वा बिशेष प्राविधिक विशेषज्ञहरुले गर्ने नभईकन तपाई हामी जस्ता सामान्य नागरिकहरु तथा स्वयमसेवीहरु समावेश भएका हुन्छौ । हुन त विषय विज्ञले नै असर सर्भेक्षण विधि तयार पारेका हुन । तर यसको प्रयोग, तथ्याङ्क संकलन, र पछि तथ्याङ्क प्रयोग सामान्य मानिसहरुले नै गर्ने हो । यसमा अर्को मापन भन्ने शब्द छ, जसको अर्थ हुन्छ जाँच लिने । किनकी असर विधिमा हामीहरु हाम्रै भाई बहिनीको अंग्रेजी, देवनागरि नेपाली र गणितको सिकाइको बारेमा जाँच लिईरहेका हुन्छौ । हाम्रो उद्धेश्य ५ देखि १६ बर्षका सबै जनामा आधारभुत तहको ज्ञान होस भन्ने हो ।

असर सर्भेक्षणमा ३ भागहरु छन :
पहिलो : नमुना सर्भेक्षणको विधिबाट सर्भेक्षण गर्ने घरहरु पत्ता लगाउने । नमुना सर्भेक्षण गर्न वैज्ञानिक विधिबाट नेपालको केन्द्रिय तथ्याङ्क विभाग तथा विश्वविद्यालयका तथ्याङ्कका प्राध्यापकहरु सँग छलफल गरि तय गरिएको हो ।
दोस्रो : घरपरिवार तथा यसका सदस्यहरुको बारेमा जानकारीहरु संकलन गर्ने । नमुना सर्भेक्षणको विधिबाट सर्भेक्षण गर्ने घर छाने पछि त्यस घरधुरीको जानकारी दिएको प्रश्नावली भर्नुपर्दछ ।
तेस्रो : घरपरिवारमा भएका ५ देखि १६ बर्षसम्मका सबै बालबालिकाहरुको नेपाली, अंग्रेजी र गणित पढाईको जाँच गर्ने ।

What is ASER?

ASER is a Citizen-led Assessment. To understand it well, let's examine both words independently.
Citizen-led means that all activities are conducted by common citizens. These citizens, usually volunteers, take the opportunity to connect with communities across the country and gather data that can help learning better. The ASER is not led by the government nor by any technical specialists. Though technical people design its methods, it is led and executed by common people like you. ASER is citizen-led because it is a way for all of us, especially youth, to engage in making the education system better for everyone.

Assessment means checking the results of something. In this case we are checking with our younger brothers and sisters can read, in English and in Nepal, as well as do math at the 3rd grade level. If they do not have this basic skill, then they have no future. This is why we want to make sure EVERYONE has at least this basic level of knowledge.

ASER has three pieces

- **Choosing which households who do the assessment. The process of choosing the households is called sampling.**

The sampling for this ASER was decided in a scientific way. To design the sampling method we consulted with many experts including the Central Bureau of Statistics. The method we have chosen follows other surveys conducted by the National Statistics Office of Nepal.

- **Getting information about the household and its members.**

Once you have chosen the households you have to get some information about them. You do this by conducting the household survey. You will learn how to conduct the household survey later in this training.

- **Assessing all children between 5 - 16 in the household**

After you have gotten information about the household, you must assess every child in the household who is between the age of 5 and 16. You will use the Child Testing Tool to assess the ability of each child to read and do math at a 3rd grade level. You will learn how to conduct this assessment later in this training.

असर सर्भेक्षण विधि

पुर्व चरण : स्थानिय नेतृत्वहरुलाई जानकारी दिने

हरेक असर सर्भेक्षणमा स्थानिय क्षेत्रमा पहुँच भएको र जानकारी भएको स्थानिय संघसंस्था साझेदार हुन्छन । यस स्थानिय संघसंस्था साझेदारका सर्भेक्षण गर्ने हरेक स्थानिय पालिकाहरुमा एकजना सम्पर्क व्यक्ति हुनेछन । उहाँलाई भेटेर विस्तृत जानकारी लिनुहोस । यदि उहाँहरु सँगको कुराकानीमा यहाँ दिएको निर्देशनहरु भन्दा फरक परेमा, उहाँहरुको अनुसारनै निर्देशन मान्नुहोस । किनकी यस पुस्तिकामा समग्रलाई हुने गरि जानकारी राखिएको छ जुन ठाँउ अनुसार फरक फरक हुन सक्दछ ।

सुरु गर्नको लागि सबैभन्दा पहिले स्थानिय संघसंस्था साझेदारसहित गएर पालिकाको अध्यक्ष वा मेयरलाई भेट्नुहोस । पालिकाको अध्यक्ष वा मेयरबाट सर्भेक्षणको अनुमति लिनुहोस । असर सर्भेक्षण सुरु गर्नु अघि सबै स्वयमसेवकहरुलाई सम्बन्धित वडाको वडाअध्यक्षलाई पनि भेट्नुहोस र असर सर्भेक्षण विधिको जानकारी गराउन भन्नुहोस । र सर्भेक्षणका लागि उहाँहरुको सहयोग माग्नुहोस । स्थानिय समुदायमा भेटनुपर्ने वा समुदायले मानेका सम्मानित व्यक्तिहरु हुनुहुन्छ भने उहाँहरुलाई नि भेटेर जानकारी गराउनुहोस र सहयोग गर्न अनुरोध गर्नुहोस । यो अनिवार्य नै त होइन् तर धेरै ठाँउहरुमा हामीले मान्नु पर्ने र स्थानिय रुपमा सहयोग लिनुपर्ने धेरै जना हुन सक्छन । आफ्नो स्वविवेक प्रयोग गरेर सम्बन्धहरु राम्रो राख्नुहोस ।

The ASER Process

STEP 0: INFORMING COMMUNITY LEADERS

Each ASER is implemented by a partner who is familiar with the area of the survey. This implementing partner will have a contact person in the each of the palikas that are being surveyed. Please contact that person for detailed instructions. If their instructions differ from the instructions below, then follow the instructions given to you by your contact. This document only covers the standard process of informing community leaders whereas the reality of the area you are working in might demand a different process.

To start with the Master Trainer visits the office of the Mayor in collaboration with the contact of the implementing partner. From the Mayor the MT will get a letter authorizing ASER to be conducted in the palika. All volunteers will be told to start their assessment by meeting the Ward Chairperson of the ward they are surveying. They will explain the ASER process in detail to the Ward Chairperson and seek their support in conducting the survey in the ward.

Getting additional permission
ASER surveys always get all the necessary permissions from formal authorities to conduct the assessment. However, sometimes formal permission alone might not be enough. As a local citizen you are well placed to understand which community leaders are trusted by the people. If you feel there are relevant community leaders that you need support from, brief them ahead of time. Sometimes the approval of religious leaders, prominent figures in the village or people respected as intellectuals can ensure a successful outcomes. This will not be necessary in most areas. However, if your local context is unusual or exceptional then use your own judgement and get additional approvals.

पहिलो चरण: सर्वेक्षणको विधि तथा नमूना छनोटको ढाँचा

संविधानमा व्यवस्था भए बमोजिम प्रादेशिक संरचनालाई ध्यान दिंदै नेपाल असर सर्वेक्षणमा स्थानिय तह समेतका लागि आँकडाहरु प्राप्त गर्न सबै वडाहरुको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ । प्रदेश २ अन्तर्गत हाल कायम रहेको १३६ स्थानिय तहका घरपरिवार संख्याका आधारमा साना, मध्यम र ठूला घरपरिवार भएका स्थानिय तहहरुलाई गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समूहमा बिभाजन गरी प्रत्येक समूहबाट प्रतिनिधित्व हुने गरी कोटा नमूना छनोट बिधिबाट गाउँपालिकाबाट ३००, नगरपालिकाबाट ३५०, उपमहानगरपालिकाबाट ५०० र महानगरपालिकाबाट ८०० गरी तत् तत् स्थानिय तहका घरपरिवार संख्याको आधारमा समानुपातिक वितरण हुनेगरी प्रदेश भरीका १२७१ वटा वडाहरुवाट जम्मा ४५,५५० घरपरिवार छनोट गरिएको छ ।

स्थानिय तहका प्रत्येक वडाबाट छानिने घरपरिवारको संख्यासम्बन्धी विस्तृत बिवरण यसै निर्देशिकाको अनुसूचीमा दिईएको छ ।

यसैगरी, दोस्रो चरणमा प्रत्येक वडाको घरपरिवार सुचीकरण गर्दै (Systematic Random Sampling Method) प्रयोग गरी तोकिएको संख्यामा घरपरिवारको अन्तर्वार्ता लिईने छ ।

सर्वेक्षणको प्रक्रिया

सर्वेक्षणको क्रममा सर्वप्रथम वडा क्षेत्रको उत्तर पूर्व विन्दुबाट शुरु गरी दिईएको च्वलमक ल्फदभच त्वदभि बाट पहिलो घरपरिवार छनोट गरी निश्चित अन्तरमा पर्ने गरी सो वडाका लागि तोकिएको संख्यामा घरपरिवारहरुको एकिन गर्नपर्दछ । त्यसपछि छानिएको प्रत्येक घरपरिवारमा गई प्रश्नावलीमा उल्लेख गरिएका परिवारिक विवरण, परिवारका सबै सदस्यहरुको आधारभूत व्यक्तिगत विवरण संकलन गर्नुपर्दछ ।

अन्तर्वार्ताको ढाँचा

छनोटमा परेका प्रत्येक वडा / वडाखण्डमा तथ्याङ्क सङ्कलनको लागि निर्धारित समयमा नै पुग्नु पर्दछ । कतिपय अवस्थामा अनुत्तरित प्रश्नहरु अथवा अस्पष्ट भएका विवरणमा स्पष्ट हुन एकभन्दा बढी पटक पुग्नुपर्ने हुन सक्दछ । अन्तर्वार्ता लिनको लागि लाग्ने समय परिवारमा रहेका सदस्य संख्यामा निर्भर रहने हुँदा उक्त समयमा भिन्नता आउन सक्दछ । सामान्यतया, परिवारको आकार जति ठूलो भयो अन्तर्वार्ता पुरा गर्न बढी समयको आवश्यकता पर्न सक्दछ ।

स्वयम सेवकको काम र कर्तव्य

स्वयम सेवकहरु हरेक गणना तथा सर्वेक्षणका मेरुदण्ड हुन् । सर्वेक्षणको सफलता तथा यसबाट प्राप्त हुने नतिजाको गुणस्तर स्वयम सेवकहरुको कार्य दक्षता र इमानदारीतामा प्रत्यक्षरुपले निर्भर गर्दछ । स्वयम सेवकको काम घरपरिवारहरुमा गई दुरुस्त र पूर्णरुपमा तथ्याङ्क संकलन गर्नु हो । उनीहरुले संकलन गरेको तथ्याङ्क नै विभिन्न तहका सरकारले योजना निर्माण र विकास कार्यक्रमको कार्यान्वयन गर्नको लागि प्रयोग गर्दछ । संकलित तथ्याङ्क विश्वसनीय हुन नसकेमा र अपुरो भएमा त्यसले गलत निर्णयहरु तिर डोऱ्याउन सक्दछ । तसर्थ, हरेक स्वयम सेवकले अन्तर्वार्ता लिँदा इमान्दार भई होशियारी र एकाग्रताका साथ गर्नुपर्दछ । स्थलगत तथ्याङ्क संकलनको क्रममा कुनै समस्या आएमा सुपरिवेक्षकसँग छलफल गरी समस्या समाधान गर्नुपर्दछ ।

घरपरिवारको लगत

प्रत्येक वडामा पहिलोपटक पुगेपछि स्वयम सेवकहरुले स्थानिय तह, वडाका जनप्रतिनिधी वा सचिवलाई भेट्नुपर्दछ । उनीहरुसँग सबैले चिनजान गर्नुपर्दछ र सर्वेक्षणको उद्देश्य तथा कार्यक्रमबारे अवगत गराउनुपर्दछ । त्यस्ता व्यक्तिहरुलाई सोधी स्वयम सेवक, सुपरिवेक्षकले वडाको सिमाना पत्ता लगाउनुपर्दछ । त्यसपछि उत्तर पूर्वी विन्दुको पहिचान गर्नुपर्दछ । वडाको सिमाना भित्रका परिवारको लगत लिने कार्यमा पर्याप्त होशियारी पुऱ्याउनु पर्दछ । छानिएको क्षेत्रको सिमाना बाहिर पर्ने परिवारलाई कुनै पनि हालतमा लगतमा पार्न हुँदैन । छानिएको क्षेत्रमा लगत लिने काम क्रमवद्ध तरिकाले कुनै पनि घरपरिवार नछुट्ने तथा नदोहोरिने गरी संकलन गर्नुपर्दछ । लगत लिने पानामा क्रमैसँग पहिलो परिवारलाई पहिलो लाइनमा पर्ने गरी विवरण लिनुपर्दछ र कुनै पनि लाइन खाली छोड्नुहुँदैन । यसरी सबैभन्दा अन्तिममा आउने परिवार क्रमसंख्याले छानिएको वडाको उत्तर पुर्वमा रहेका र तोकिएको संख्यामा छनोटमा पर्ने संभावना भएका कूल परिवार संख्या कति छन् भन्ने कुरा स्वतः देखाउने छ ।

घरपरिवार लगत संकलन गर्ने तरिका

ठीकसँगले घरपरिवार सूचीकरण फारामका विवरणहरु संकलन गर्नको लागि, स्वयम सेवकले घरपरिवार र परिवारमूली शब्दहरुको परिभाषा राम्ररी बुझ्नु पर्दछ । यी शब्दहरुको व्याख्या यसै निर्देशिकामा उल्लेख गरिएको छ । घरपरिवार सूचीकरण कार्य गर्दा निम्न चार वुँदाहरुमा ध्यान दिन आवश्यक छ ।

(क) यस सर्वेक्षणमा निजी घरपरिवारलाई मात्र समावेश गरिएको छ । अस्पताल, विद्यालय, प्रहरी, व्यारेक जस्ता सामुहिकरुपमा भान्सा प्रयोग गर्ने स्थानमा वस्ने जस्ता संस्था रहेका भवनहरुलाई सूचीकरण लगतमा समावेश गर्नुहुँदैन ।

(ख) घरपरिवार भन्नाले एकै ठाउँमा बस्ने र सँगै खाने मानिसहरुको समूहलाई जनाउँदछ ।

(ग) कुटनैतिक परिवारलाई लगत सूचीकरणमा समावेश गर्न हुँदैन । तर नेपालमा अन्य पेशा व्यवसाय गरी बसोबास गरेका विदेशी परिवार भने लगतमा समावेश गर्नुपर्दछ ।

(३) यस सर्वेक्षणको लागि सँगै खाने बस्ने सहयोगी वा पारिश्रमिक लिने घरायसी कामदारलाई छुट्टै परिवारको रुपमा नलिई त्यसै परिवारमा गणना गर्नुपर्दछ ।

घरपरिवार सदस्यहरुको अन्तर्वार्ता

स्वयम सेवकले अन्तर्वार्ता लिँदा यस निर्देशिकामा दिइएका निर्देशनहरुलाई पालना गर्नुपर्दछ । तल दिइएका तीन साधारण नियमहरुलाई सदा मनमा राख्नु पर्दछ ।

१. स्वयम सेवकले प्रश्नावलीमा लेखिए बमोजिम दुरुस्त पढ्नु पर्दछ

प्रश्नावलीका शब्दहरुलाई छोट्याई अथवा फरक शब्दको प्रयोग गर्नहुँदैन । त्यसका साथै उत्तरदाताले जवसम्म प्रश्नलाई पढे बमोजिम बुझेको लाग्दैन तव सम्म त्यसको

थप व्याख्या गर्न हुँदैन ।

२. कुनै पनि व्यक्तिगत विवरण व्यक्ति स्वयंलाई नै सोध्नु पर्दछ ।

साधारणतः स्वयम सेवकले कुनै व्यक्तिको निजी विवरण अर्का सदस्यले दिने कामलाई निरुत्साहित गर्नुपर्दछ । सम्बन्धित व्यक्तिसँगै अन्तर्वार्ता लिने स्वयम सेवकको प्रयास हुनु पर्दछ । एक व्यक्तिले अर्को व्यक्तिको विवरण दिने कार्यलाई नम्रतापूर्वक निरुत्साह पार्नुपर्दछ । सम्बन्धित व्यक्तिसँग अन्तर्वार्ता लिनै नसकिने अवस्थामा अथवा अन्तर्वार्ता दिने व्यक्ति अन्य सदस्यहरुका बारेमा सबैभन्दा उपयुक्त ज्ञाता रहेको ठहरिएमा मात्र विवरण संकलन गर्नुपर्दछ ।

३. गोपनीयताको विश्वास दिलाउनु पर्दछ

सबै विवरणहरु गोप्य रहनेछन् र संकलित विवरण कसैलाई देखाईने वा दिइने छैन भन्ने विषयमा उत्तरदातालाई जानकारी गराउँदा तिनीहरुले बढी तथ्यपूर्ण जवाफहरु दिने सम्भावना रहन्छ । संभव भएसम्म उत्तरदातालाई एकान्तमा अन्तर्वार्ता लिनु पर्दछ ।

स्थलगत कार्य संचालनको व्यवस्थापन

हरेक टोलीले प्रत्येक वडामा सूचीकरण गरी तथ्यांकीय विधिबाट छनोटमा परेका परिवारका सदस्यहरुको विवरण संकलन कार्य गर्नपर्दछ । सामान्यतयाः स्वयम सेवकले लामो समयसम्म काम गर्नुपर्दछ र कहिले काँही विहान वेलुका पनि काम गर्नु पर्ने हुन्छ । उत्तरदाताको फुर्सदको समयलाई आफूले तालमेल मिलाएर अन्तर्वार्ता लिनु पर्दछ । कतिपय समयमा उत्तरदाताहरु फुर्सदमा हुन सक्दछन् । व्यस्त रहेका उत्तरदाताहरुले पुनः भेट्ने समय दिन सक्दछन् र यही समयमा प्रश्नावली भर्ने काम गर्नुपर्दछ । अन्तर्वार्ता लिन जाँदा लगतसूची फाराम र प्रश्नावलीको अलावा निम्न उल्लेखित सामान भए नभएको ख्याल गरी काममा जानुपर्दछ ।

१. निर्देशिका
२. लेख्ने कापी (डायरी)
३. आफ्नो परिचय पत्र
४. डट्पेन, लिड पेन्सिल तथा इरेजर
५. फिल्डमा आवश्यक पर्ने अन्य सामग्री

अन्तर्वार्ताको तरिका

स्वयम सेवकले परिवारसँग भएको पहिलो भेटमा परिवार मूलीसँग परिचय गर्ने, सर्वेक्षणको उद्देश्य बताउने र त्यस वडाका निश्चित परिवारबाटमात्र विस्तृत तथ्याङ्क संकलन गर्ने कुरा जानकारी गराउनु पर्दछ ।

पहिलो पल्ट घरपरिवारमा पुगेपछि स्वयम सेवकले परिवारका सदस्यलाई नमस्ते गर्ने, सबै परिवारका सदस्यसँग परिचय गर्ने र असर सर्वेक्षणको स्वयम सेवक भएको कुरा जानकारी गराउनु पर्दछ । यो सर्वेक्षण प्रदेश भरी नै चलिरहेको कुरा बताउनु पर्दछ । यस्तो सर्वेक्षणबाट उपलब्ध तथ्याङ्कले सबै तहका सरकारलाई नीति निर्माण र योजना बनाउन तथा विकास कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नमा मद्दत पुग्ने बारेमा बताउनु पर्दछ । साथै उनीहरुलाई सर्वेक्षणबारे निम्न कुराहरु बताउनु पर्दछ ।

१. गणना गरिने परिवार सम्भाव्यता नमुना छनौट प्रकृयाद्वारा छानिएको हो ।
२. छानिने प्रकृया वैज्ञानिक भएकोले, छानिएको घरलाई अर्को घरले प्रतिस्थापना गर्न नसकिने र छानिएको घरपरिवारको सट्टा अर्को लिन नमिल्ने ।
३. यो सर्वेक्षणमा घरपरिवार सदस्यहरुको शैक्षिक, आर्थिक तथा सामाजिक क्रियाकलापहरुको बारेमा विवरण संकलन गरिने छ ।
४. संकलित तथ्याङ्क गोप्य रहने छ र तथ्याङ्कीय बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरिने छैन ।

माथि उल्लेखित कुराहरु भनि सके पछि, परिवारलाई विवरण उपलब्ध गराउन सहमत गराई प्रश्नावली भर्ने समयको निधो गर्नुपर्दछ ।

अन्तर्वार्ता लिँदा ध्यान दिनुपर्ने कुराहरु

शिष्ट व्यवहार गर्नुपर्ने

१. उत्तरदाताले सर्वेक्षणबारे राम्रा वा गलत धारणा बनाउने कुरा मूलतः तथ्याङ्क संकलन कार्यमा खटिएका कर्मचारीको व्यवहारमा भर पर्छ । तसर्थ स्वयम सेवकले हरेक व्यक्तिसँग सौहार्दपुर्ण व्यवहार तथा सम्बन्ध कायम राख्नुपर्दछ ।
२. परिवारका सदस्यलाई आदर सम्मान गर्नुपर्दछ । मर्यादित र अनुशासनमा रही कार्य सम्पादन गर्नुपर्दछ ।
३. मानिसहरुलाई दिक्क लाग्ने, रिस उठ्ने किसिमको वोली,वचन वा व्यवहार गर्नु हुँदैन ।
४. लुगा चिटिक्क मिलाएर लगाउनु पर्दछ । स्वयम सेवकले राम्ररी सफा लुगा लगाएमा उत्तरदाताले स्वयम सेवक प्रति विश्वास गर्ने सम्भावना बढी हुन्छ ।
५. अन्तर्वार्ताको समयमा धैर्य राख्ने र चनाखो हुने बानी बसाल्नु पर्दछ । उत्तरदाता महिला वा पुरुष, विभिन्न जातजाती, धर्म वा सम्प्रदाय, र भिन्नभिन्न राजनीति प्रति आस्थावान हुन सक्छन् उनीहरुसँग लैंगिक मैत्री तथा सामाजिकरुपमा संवेदनशील भई निश्पक्षरुपमा अन्तर्वार्ता लिनु पर्दछ । कसैको पक्ष वा बिपक्षमा आफ्ना धारणा बताउनु हुँदैन ।

प्रश्नावलीको उत्तर दिने तरिकाबारे व्याख्या गर्ने

अन्तर्वार्ता शुरु गर्नु भन्दा अगावै निम्न बुँदाको बारेमा उत्तरदातालाई जानकारी गराउनु पर्दछ । यी निर्देशनहरुले अन्तर्वार्तालाई सजिलो र सहज वनाउँछ ।

१. उत्तरदाताले सकेसम्म दुरुस्त उत्तर दिनुपर्दछ भन्ने कुरा महत्वपूर्ण हुन्छ ।
२. उत्तर छिटो भन्दा पनि दुरुस्त हुनु अनिवार्य छ ।
३. उत्तरदाताले प्रश्न राम्ररी नबुझेमा पुनः प्रश्न दोहोऱ्याई बुझाई मात्रै प्रश्नको उत्तर लिनुपर्दछ ।

प्रश्नावलीमा लेखिए अनुसार प्रश्नहरु सोध्ने

स्वयम सेवकले जहिले पनि प्रश्नावलीमा लेखिए अनुसार पढेर प्रश्न गर्नुपर्दछ । प्रश्न गर्दा र प्रश्नको बारेमा जानकारी दिँदा प्रश्नावलीमा लेखिएको भन्दा फरक नपारी भन्नु पर्दछ । शब्दमा केहि परिवर्तन भए मात्र पनि उत्तरदाताले उत्तर दिने कुरामा ठूलो परिवर्तन हुनसक्दछ ।

स्वयम सेवकले प्रश्नलाई स्पष्ट र होशियारपूर्वक पढिसके पछि उत्तरको प्रतिक्षा गर्नुपर्दछ। यदि उत्तरदाताले उत्तर दिएन भने त्यस पछाडि विभिन्न संभावनाहरु हुनसक्दछन् : जस्तै उत्तरदाताले प्रश्न राम्ररी सुनेन, उत्तरदाताले उत्तर के दिने भन्नेबारेमा जानेन, उत्तरदाताले उत्तर दिन चाहेन अथवा प्रश्नलाई राम्ररी बुझेन । त्यस्तो अवस्थामा स्वयम सेवकले पुनः प्रश्न दोहोऱ्याउनु पर्दछ र प्राप्त उत्तर अरु व्यक्तिलाई थाहा नदिइने विश्वास दिलाउनु पर्दछ। प्रश्न बुझिएन कि भन्ने प्रश्न गर्न सकिन्छ।

तटस्थ रहनु पर्दछ

उत्तरदाताले दिएको उत्तरमा स्वयम सेवकले आफ्नो तटस्थतालाई प्रदर्शन गर्नु अत्यन्त महत्वपूर्ण छ। हाम्रो समाजमा धेरै मानिस आफ्नो पाहुनालाई (घरमा भेट्न आएका मानिसलाई) खुशी पार्न चाहन्छन् र कस्तो प्रकारको उत्तर दिएमा खुशी होलान भनेर विचार वा मनस्थितिलाई बुझ्न खोजिरहेका हुन्छन्। उत्तरदाताको उत्तरमा स्वयम सेवक अचम्म मान्नु हुँदैन, स्वीकृती वा अस्वीकृति जनाउनु हुँदैन, किनभने यसले उत्तरहरुमा प्रभाव पार्न सक्दछ र उत्तरदाताले जुन सुकै उत्तर दिए पनि यसप्रति स्वयम सेवकको सोचाइ थाहा दिनु हुँदैन । यदि उत्तरदाताले कुनै विषयमा वा दिएको उत्तरबारे स्वयम सेवकलाई कस्तो लाग्छ भनेर सोधेमा प्रश्नावली भरि सके पछि यसबारेमा कुरा गर्दा राम्रो होला भन्नुपर्दछ। सबै उत्तरदाताले यस्ता प्रश्नहरु गर्दैनन्। कसैले प्रश्न गरिहाल्यो भने होशियारी पुऱ्याउनु पर्दछ। स्वयम सेवकले गरेको हरेक वार्ता (कुराकानी) वा व्यवहारहरु पुरै गाउँमा (समुदायमा) तुरुन्त फैलिन्छ र छलफल हुन्छ। जसले पछि संचालन गर्ने अन्तर्वार्तालाई असर पार्न सक्दछ । स्वयम सेवकले उत्तरदाताको उत्तर दिने योग्यताको बारेमा पूर्वानुमान गर्नुहुँदैन। हरपल जिज्ञासा भै हँसिलो रहनु पर्दछ, आफ्नो विचार र निर्णयहरु दर्शाउनबाट पन्छिनु पर्दछ।

परिवारले दिएको समय र सहयोगको लागि धन्यवाद दिनु पर्दछ

सबै अन्तर्वार्ता सम्पन्न भै सकेपछि परिवारका सबै सदस्यलाई उनीहरुले गरेको अमूल्य सहयोगको लागि धन्यवाद दिनु पर्दछ। अन्तर्वार्तामा सहभागी सबैले व्यक्तिगत विवरणहरु र अमूल्य समय दिएर गुन लगाएका हुन्छन। उनीहरुको त्यस्तो सहयोगलाई आफूले महशुश गरी अत्यन्त खुशी भएको कुरा व्यक्त गर्नुपर्दछ। त्यसरी सबैबाट प्राप्त सहयोगलाई आफूले प्रशंसा गरेको कुरा स्पष्ट हुने गरी बताउनु पर्दछ।

भरिसकेको प्रश्नावली जाँच्ने

अन्तर्वार्ता सकिना साथ प्रत्येक प्रश्नहरु पटक पटक गरी जाँच्नु पर्दछ र सबै खण्डहरु ठीकसँग र नियमानुसार स्पष्ट भरिएका छन् छैनन् हेर्नुपर्दछ। यस बीच कुनै खण्ड नभरेको पत्ता लागेमा छुटेको विवरणहरु लिन पुनः त्यस परिवार कहाँ जानुपर्दछ । यी सबै कुराहरु कार्य क्षेत्र छाड्नुभन्दा अगाडि नै गरिसक्नुपर्दछ।

प्रश्नावलीको पुनः जाँच्ने

स्वयम सेवकले आफूले भरेका प्रश्नावलीहरु जाँच गरीसके पछि सुपरिवेक्षकले पुनः जाँच गर्नुपर्दछ। सुपरिवेक्षकले स्वयम सेवकसँग केहि बाँकी समस्या भए त्यस्ता कमी कमजोरीको बारेमा छलफल गर्नुपर्दछ। यदि भरिसकेको प्रश्नावलीमा छलफलबाट समाधान नभएमा त्यसलाई समाधान गर्न स्वयम सेवक पुनः त्यो घरपरिवारमा गई सम्बन्धित प्रश्नहरु भर्नुपर्दछ। नयाँ उत्तरलाई पुरानो उत्तरको छेउमा एकापट्टि लेख्नुपर्दछ। लेख्दा प्रष्ट देखिने गरी लेख्नुपर्दछ। पुनः प्रश्न नसोधी भरिसकेको तथ्याङ्क लाई पटक्कै बदल्नु हुँदैन ।

अन्तर्वार्ताको लागि घरपरिवारहरु छान्ने तरिका

दैवी संख्या (R) : यो दैवी संख्या (R) उपलब्ध गराईएको दैवी संख्या तालिकाको पानाबाट छान्नु पर्दछ। सो तालिकाको बायाँ तर्फका महलहरुमा जिल्ला, स्थानिय तहको नाम र वडा नं राखिएको छ र एउटा महलमा दैवी संख्या रहेको छ। सम्वन्धित वडाका लागि सोही पङ्तीमा दिइएको दैवी संख्या (R) छान्नु पर्दछ। यहि दैवी संख्या (R) सँग बरावर परिवार क्र.स. भएको परिवारमा मूल प्रश्नावली भर्नुपर्दछ। त्यसपछि क्रमश 5 जोड्दा आउने अन्य परिवारमा मूल प्रश्नावली भर्नुपर्दछ। जस्तै बारा जिल्ला जितपुर गा.पा. वडा नं 4 मा गणना गर्दा दैवी संख्या (R) 3 परेको रहेछ र सो वडामा गणना गर्नुपर्ने जम्मा घरपरिवार संख्या 12 रहेछ भने मूल प्रश्नावली भर्नुपर्ने घरपरिवारहरु क्रमश 3, 8, 13, 18, 23, 28, 33, 38, 43, 48, 53, 58 हुन्छन्।

STEP 1: CHOOSING THE HOUSEHOLDS

We do not visit every household because it is not scientifically necessary. And it would cost too much money.

There are scientific ways to pick a set of households such that they are representative of the whole local level governance unit. Representativeness means that even by selecting a few households we can get information that tells us about the whole area. Once we have households that are representative of the local level, then our data is automatically representative of the District and Province. The method to pick representative households is called Sampling.

For this section, choosing the household to survey and assess, you will need the following documents:

1. The Sample Allocation Sheet
2. The Listing Form

THE SAMPLING METHOD

The sampling method for ASER was designed by experts and follows the practices designed by the National Statics Office of Nepal. Thus, it is important that you understand it and follow it exactly. These are the key elements

1. We will conduct the assessment in each ward of each local level.
2. There is a fixed number of households that we need to assess in each ward. This number is decided scientifically and should be followed exactly. This number is in the document titled **Sample Allocation Sheet.**
3. We will need to visit at least 5 times that number of households mentioned in that document. This is because we survey and assess only every 5th household. This is so that we capture many diverse kinds of people from across the ward.
4. In the first household, you will conduct your survey and assessment. Then you will face the house, turn left, visit 4 other households, and list them in the Listing Form.

5. When you get to the 5th household you will conduct the survey and assessment again. You will continue in this manner until you have assessed the number of households required in that ward.
6. Choosing the **first household**
7. So how do you pick the first household? This is also determined scientifically.
   a. First, you will go the north-east corner of the ward.
   b. Here you will find the tole or gaon that is closest to the north east corner. In this tole, you will find the north east most house.
   c. Here you will list the first 5 households you find in your **Listing Form.**
   d. You will look at the **Sample Allocation Sheet** doc for your ward. This document contains a number called the **random number**.
   e. You will start your survey and assessment at the household on your listing sheet which corresponds to the **random number** for your ward
8. 7. After choosing the first house, you will survey and assess each 5th house follow the steps outlined in #3 and #4

HOUSEHOLD VS HOUSE

What is the difference between a house and a household?
A house is a physical structure in which people live. A household is a group of people that generally eat from the same kitchen and manage expenses from a common fund.

A house may have multiple households. For e.g. if two brothers and their families live in the same house but cook separately and manage their expenses separately then that is two households sharing a single house.

In ASER, we don't care about houses. We care about households. So make sure to count households and NOT houses. When you assess, do NOT assess all children in the house. Assess all the children in the household!

Who counts as a household member?
As mentioned above, a household member is anyone that shares the kitchen and expenses from the same fund. Generally we count anyone that has lived in the household for more than 6 months as a member of that household. However, there are some special cases that we should know:

- Newly married member of the family that have come to live in the household count as a member of the household even if they have been there less than 6 months.
- Members of the family that do not live in the household for at least 6 months a year are NOT considered members of the household. For example, someone that works in the Gulf but is visiting for a vacation does not count as a member of the household. Similarly a child that studies at a residential school but is home for a vacation does not count as a household member.
- Family member who have been living in the household for less than 6 months BUT have the intention of living there for more than 6 months are considered members of the household. In our earlier example, if a family member working in the Gulf had quit their job and returned home, then they would count as a member of the household.
- All newly born children are considered members of the household irrestive of how long they have lived in the household.
- If a domestic worker lives in the household and eats from the kitchen then they should be counted as a member of the household.

Who is the head of the household?
The head of the household is the person, over the age of 10, who generally makes decisions on household issues. This person MUST BE a household member. You may find that in some household, a father working overseas or a grandfather who lives in another household is consulted on all decisions. However, this person is not a member of the household and thus cannot be the household head.

घर छनौट गर्दाको केहि विशेष अवस्थाहरु

तपाईले हरेक ५ औ घर छानेर सर्भेक्षण गर्दै गर्दा केहि असजिलो अवस्थाहरु आईपर्न सक्छन । केहि यस प्रकार छन र त्यस्तो बेला के गर्ने भन्ने पनि यहाँ दिईएको छ ।

१. धेरै ठाँउमा बसोबास गर्ने घरपरिवार : तपाईले कहिलेकाहि यस्तो परिवार भेट्नुहुन्छ जो २ वा ३ ठाँउहरुमा बस्ने गर्छन । जस्तै केहि महिना पहाडमा अनि केहि महिना तराईमा बस्ने परिवार । यदि तपाईको सर्भेक्षण गर्ने वडामा त्यो परिवार ६ महिना भन्दा बढि बस्छन भने असर सर्भेक्षण गर्नुहोस । यदि ६ महिना भन्दा कम बस्छन भने असर सर्भेक्षण पनि नगर्नुहोस र त्यसको विवरण घरपरिवार लगतमा पनि नलेख्नुहोस ।

२. सरकारी आवास तथा क्वार्टर : केहि यस्ता घरहरु भेटिन्छन, जसमा सरकारी कर्मचारी, प्रहरी वा कम्पनिका मानिसहरु बसोवास गर्छन र त्यस्ता घरपरिवार कार्यालय परिसरमै पनि हुन सक्छन । ती घरपरिवारलाई ६ महिना भन्दा बढि बसेका छन भने त्यस ठाँउको अन्य सामान्य घर झै मानेर सर्भेक्षण गर्नुहोस । घरपरिवार लगत फारममा पनि उल्लेख गर्नुहोस ।

३. छात्रवास (होस्टेल) तथा कुटनैतिक भवनहरु : यदि तपाईले सर्भेक्षण गर्ने क्रममा छात्रवास (होस्टेल) तथा कुटनैतिक भवनहरुमा पुग्नुभयो भने त्यसलाई छाडिदिनुहोस । लगत फारममा पनि नलेख्नुहोस र कुनै पनि कनमको लागि गणना नगर्नुहोस ।

४. ५ देखि १६ बर्षसम्मका बालबालिका नभएका घरपरिवार : यदि छनौटमा परेका कुनै घरमा ५ देखि १६ बर्षसम्मका बालबालिका नभएमा पनि त्यस घरमा घरपरिवारको सबै जानकारी भर्नुहोस । बालबालिका नभएकोले जाँच गर्नु परेन । तर घरपरिवार चाहि सर्भेक्षण भएको नै मानिन्छ ।

५. केहि वा सबै बालबालिकाहरु बाहिर गएका छन : कुनै छनौटमा परेका घरमा केहि वा सबै बालबालिकाहरु बाहिर गएका हुन सक्छन । जस्तै एक दुई दिनलाई मामाघर गएका छन । त्यसो भएमा घरको जानकारी भर्नुहोस र घरमा भएका बालबालिकाहरुको जाँच गर्नुहोस । र बाँकी बालबालिकाहरुको जाँच लिन अभिभावक सँग कुरा गरेर अर्को दिनलाई समय मिलाउनुहोस । र फेरि फर्केर अर्को तोकेको दिन गएर बालबालिका भेटेर जाँच लिनुहोस । सबै बालबालिकाहरुको जाँच लिएर नै सकाउनुहोस ।

६. घरमा ताल्चा मारेको वा कोहि पनि छैनन् भने : यदि छनौटमा परेको घरमा ताल्चा मारेको वा कोहि पनि छैनन् भने, त्यसलाई सर्भेक्षण गरेको घरपरिवारमा नगन्नुहोस । सँगै जोडिएको अर्को घरलाई त्यसको ठाउँमा सर्भेक्षण गरेर नियमानुसार त्यस सर्भेक्षण गरेको पछि को ५ औ घरलाई लिदै जानुहोस । लगत विवरणमा उत्तर नदिएको घर भनेर लेख्नुहोस तर त्यसलाई घरमा नगन्नुहोस ।

७. उत्तरदिन नमान्ने परिवार : यदि छनौटमा परेको घरपरिवारमा उत्तरदिन नमान्ने भएमा जबरजस्ति नगर्नुहोस र बादबिवाद पनि नगर्नुहोस । त्यसलाई सर्भेक्षण गरेको घरपरिवारमा नगन्नुहोस । सँगै जोडिएको अर्को घरलाई त्यसको ठाउँमा सर्भेक्षण गरेर नियमानुसार त्यस सर्भेक्षण गरेको पछि को ५ औ घरलाई लिदै जानुहोस । लगत विवरणमा ताल्चा मारेको वा कोहि पनि नभएको घर भनेर लेख्नुहोस तर त्यसलाई घरमा नगन्नुहोस ।

SOME SPECIAL SAMPLING CASES

When you try to survey each 5th household you could encounter some of these odd cases. Here is a way of dealing with each of them.

1. Households that live in multiple locations

You may encounter household that live in multiple locations. For example, a family might live in the hills for the warm months and in the terai for the cold months. If the household lives in the ward you are surveying for more than 6 months then you should survey them. If not this household should not be surveyed and should not be listed either.

2. Dealing with quarters and official housing

Some households, like people working for the government, companies and police etc, may live in quarters inside their office premises, or in special designated quarter areas. You will treat quarters and official housing like you treat normal private households. You will count these households and list them. You can count this as a surveyed house.

3. Dealing with hostels and diplomatic missions

If you come upon a hostel or a diplomatic mission you should skip it. Hostels should not be surveyed nor assessed. They should also NOT be listed in the Listing Form nor counted for any purpose.

4. Household has no children between 5 and 16

If there are no children between 5 and 16 in the household then conduct the household survey. Get the data of other family members as per the survey. You can count this as a surveyed house.

5. Some or all children are out

Often one of the children or all of them might be outside the house. They could be visiting relatives for a day or playing outside. Conduct the assessment with the children present. For the children that are out, set a time with the parents for later in the day or next day and revisit the house. It is important that ALL children in the household are assessed. You can count this as a surveyed house.

6. Household is closed/no one is present

If the household is closed or no one is present, then move to the next adjacent household on the left that has people present and conduct the survey there. Record this house in your listing sheet with the note “house closed”. This house does NOT count as a surveyed house. Restart the survey by taking the 5th household from the one you just surveyed.

7. Household refuses to answer

If the household does not wish to participate in the assessment and survey then don’t force them and do not argue with them. Instead move to the next adjacent house on the left and conduct the survey there. Record this house in your listing sheet with the note “no response”. This house does NOT count as a surveyed house. Restart the survey by taking the 5th household from the one you just surveyed.

घरपरिवार सूचिकरण लगत (फाराम) भर्ने तरिका

यस सूचीकरण फाराममा घरपरिवारको लगत उतार्नको लागि टोलको नाम, परिवारमूलीको नाम, परिवारमूलीलाई बोलाउने नाम, परिवार सदस्य संख्या जस्ता विविध विवरणहरु यस चरणमा संकलन गरिन्छ। यिनै विवरणहरु प्राप्त हुनेगरी घर पारिवार सूचीकरण फाराम तयार गरिएको छ।
घरपरिवारको छनोट गर्दा Systematic Random Sampling विधि अपनाईएको छ। यस सुचीकरण फाराम भर्दा अंकमा जनाउनु पर्ने संकेत वा उत्तर अंग्रेजीमा र शब्दमा लेख्नु पर्ने उत्तर नेपालीमा अनिवार्य रुपमा लेख्नुपर्दछ।

परिवार :
एउटै घरमा सँगै बसोवास गर्ने, भात भान्सा एउटै चुल्होमा हुने, आम्दानी तथा खर्चको हिसाब सँगोलमा गर्ने व्यक्ति वा व्यक्तिहरुको समुहलाई परिवार भनिन्छ। परिवार सम्बन्धी विस्तृत विवरण अबधारणा तथा परिभाषाको परिच्छेदमा दिईएको छ।

परिवारमूली:
छानिएको परिवारको मूलीको पूरा नाम लेख्नुपर्दछ। परिवारमूली सम्बन्धी विस्तृत बिवरण अबधारणा तथा परिभाषाको परिच्छेदमा दिईएको छ।

जिल्लाको नाम :
घरपरिवार सूचीकरण गर्ने जिल्लाको नाम यस स्थानमा लेख्नुपर्दछ र प्रश्नावलीको अन्तिम पानामा दिइएको अनुसूची हेरी सँगै दिइएको कोठा भित्र सम्बन्धित जिल्लाको संकेत लेख्नुपर्दछ।

गाउँपालिका/नगरपालिका :
सूचीकरण गर्नपर्ने वडा रहेको नगरपालिका/गाउँपालिकाको नाम स्पष्टसँग लेख्नुपर्दछ। उपलब्ध गराईए अनुसारको गाउँपालिका/नगरपालिको संकेत दायाँ तर्फको खाली कोठामा लेख्नुपर्दछ।

वडा नं.
सूचीकरण वा गणना कार्य गरिरहेको घरपरिवार कुन वडामा पर्दछ, सोही वडाको नं.लेख्नुपर्दछ।

महल 1: घर क्र. स.
प्रयेक वडामा घर क्रमसंख्या १ देखि शुरु गरी मानिस बसोवास गरेको कुनै घर नछुटाई क्रमैसंग लेख्दै जानुपर्दछ । सम्बन्धित वडाको उत्तर पुर्वतर्फ भएका आवश्यक संख्यामा घरपरिवारको बिवरण यस सूचीकरण फाराममा संकलन गरिन्छ। यसरी सुचिकरण गरिने घरपरिवारको संख्या कम्तिमा गणना गर्न त्यस वडामा ताकिएको संख्या र सूचीकरणको क्रममा सबैभन्दा पहिले पुगिने घरको क्र. स. ज्ञ हुन्छ। त्यस घरमा बसोबास गर्ने सम्पूर्ण परिवारहरुको घर नं. त्यही संख्या वा ज्ञ लेख्नुपर्दछ। त्यसपछि पुगिने हरेको घरको क्र. स. क्रमशः बृद्धि हुँदै जान्छ।

महल 2: परिवार क्र. स.
सूचीकरण गर्न लागेको परिवार सूचिकरणको सिलसिलामा जुन क्रममा पर्दछ सोही क्रमसंख्या परिवार क्रमसंख्या महल 2 मा लेख्नु पर्दछ। एउटा घरमा एक भन्दा बढी परिवार बसोवास गरेको हुन सक्दछन्। एउटा घरमा बसोवास गरेका एक भन्दा बढी परिवार भए घर क्रमसंख्या उही हुन्छ तर परिवार क्रमसंख्या भने थप हुँदै जान्छ। यसरी सूचीकरण गर्दा घर क्रमसंख्या र परिवार क्रमसंख्या फरक फरक हुन सक्दछ। घरक्रमसंख्या भन्दा परिवार क्रमसंख्या बढी हुन सक्छ तर कम हुन सक्दैन ।
सूचीकरणको क्रममा सबैभन्दा पहिले पुगिने घरको पहिलो परिवारको क्र.स. १ हुन्छ। त्यस घरमा बसोबास गर्ने सम्पूर्ण परिवारहरुको घर नं त्यही संख्या वा १ लेख्नुपर्दछ तर परिवार क्र.स. भने क्रमशः बृद्धि गर्दै लैजानु पर्दछ। यदि पहिलो घरमा घ वटा परिवार बसोबास गर्ने भएमा पहिलो परिवारको घर क्र.स. 1 र परिवार क्र.स. 1, दोश्रो परिवारको घर क्र. स. १ र परिवार क्र. स. २, तेस्रो परिवारको घर क्र. स. १ र परिवार क्र. स. ३ हुन्छ। दोश्रो घरमा २ वटा परिवार बसोबास गर्ने भएमा पहिलो परिवारको घर क्र. स. १ र परिवार क्र. स. ४ तथा दोश्रो परिवारको घर क्र. स. १ र परिवार क्र. स. ५ हुन्छ।

महल 3 परिवारमूलीको नाम
यस महलमा परिवारमूलीको नाम र थर पुरा र स्पष्ट लेख्नुपर्दछ। सूचीकरण गरिने परिवारको मुख्य मानिस वा मूलीको नाम लेख्नुपर्दछ।

महल 4 अन्य प्रचलित नाम
यस महलमा परिवारमूलीलाइ वास्तविक नाम र बोलाउदा भन्ने वा ढोल छिमेकमा चिन्ने अन्य नाम भएमा लेख्नुपर्दछ।

महल 5,6,7 अन्य प्रचलित नाम जम्मा परिवार संख्या
परिवारको परिभाषा अनुसार परिवारमा अक्सर वसोवास गर्ने जम्मा परिवार सदस्यहरुको संख्या लिङ्ग अनुसार दिईएका महलहरुमा लेख्नुपर्दछ।

महल 8: टोल
टोलको नाम लेख्दा परिवार बसोवास गरेको टोलको नाम लेख्नुपर्दछ।

महल 9: टोल
यस महलमा परिवार मुलीको सम्पर्क मोवाइल टेलिफोन नं. लेख्नुपर्दछ।

THE LISTING PROCESS

Listing is a important part of the sampling process. It helps you pick the right households to survey. It is also a very important monitoring and verification tool. The households listed on your listing form might be contacted by phone to verify if you followed the process accurately. If the quality control team has doubts about a particular area or surveyer they may go in person and check if the order of the listing is the same as the village

The listing form consists of the following columns:

1. Pradesh: already filled for you
2. District Name and Code: you can find this on the Sample Allocation Sheet
3. Local Level Name and Code: you can find this on the Sample Allocation Sheet
4. Ward Number: you can find this on the Sample Allocation Sheet
5. Volunteer Names: the volunteers assigned to this ward should fill their name here
6. House Serial Number (Column 1): start this column from 1 and keep increasing it for every house you visit. This number may be repeated if a house has many households living in the same house.
7. Household Serial Number (Column 2): start this column from 1 and keep increasing it for every household you visit. This number should be unique within each ward.
8. Head of Household (Column 3): Ask for the full name, first name and family name, of the head of the household. Enter whatever name the respondent gives you.
9. Alias (Column 4): if the head of the household is known by another name in the local area, enter that name here.
10. Usual household members (Columns 5,6,7): enter the members of the household according to gender. Remember that usual household members are people who generally live in the household for more than 6 months a year.
11. Tole (Column 8): enter the tole of the household. Ask the local citizens what the tole is called and enter it accordingly.
12. Phone Number (Column 9): enter the mobile phone number of the Head of Household.

हाजिरीजवाफ / QUIZ

हामी वडाको कुन कुनाबाट सुरु गर्छौं
Which corner of the ward do we start from?

- ☐ उत्तरपूर्व North East
- ☐ उत्तरपश्चिम NorthWest
- ☐ दक्षिणपूव Southeast
- ☐ दक्षिणपश्चिम Southwest

अनियमित संख्याले जनाउछ
The random number tells you:

- ☐ उत्तरपूर्व
  which household should be selected for survey among the first 5 households
- ☐ उत्तरपश्चिम
  NorthWest which household should be selected for survey among the first 5 houses
- ☐ तपाइले वडामा पुग्नपर्ने घरपरिवारहरुकोृ संख्या
  the number of households you need to assess in the ward
- ☐ तपाइले चियाखाजा खाने घरपरिवारहरुको संख्या
  the number of households that you should have tea in

पुगेको वडामा, तपाइले..... सर्वेक्षण र आकलन गर्नुहुन्छ
In a given ward, you should conduct the survey and assessment in

- ☐ सम्पूर्ण घरपरिवारहरुमा
  all the households
- ☐ तपाइले चाहेका बढीभन्दा बढी घरपरिवारहरुमा
  as many households as you feel like -
- ☐ मेयरले भनेका बढीभन्दा बढी घरपरिवारहरुमा
  as many households as the mayor tells you to
- ☐ को घरधुरी सर्वेक्षण कोलममा सुचिकृत बढीभन्दा बढी घरपरिवारहरुमा
  as many households indicated in the #Household To Survey column of the Sample Allocation Sheet - Sample Allocation Sheet

जद कुनचाही घरपरिवारहरुमध्ये आकलन गर्नेमा, तपाइले ..... आकलन र सर्वेक्षण गर्नुपर्ने छ
When choosing which households to assess, you should assess and survey

- ☐ प्रत्येक ५औं घरपरिवार
  every 5th household
- ☐ प्रत्येक ५औं घर
  every 5th house
- ☐ प्रत्येक १०औं घरपरिवार
  every 10th household

तपाइले सुची बनाउनु भएको तर सवक्षर्णे नगरेको घरपरिवाररु, तपाइले
In the households that you list but do not survey, you should

- ☐ प्रत्येकमा भ्रमण गरि सुचिकृत कागजातमा तिनीहरुको नाम र संख्या टिप्नुपर्नेछ)
  visit each one and enter their name and number into the listing doc
- ☐ बेवास्ता गनुहुनेछ
  just ignore them
- ☐ सर्वेक्षण गरेपनि आकलन गर्नुहुले छैंन
  conduct the survey but not the assessment in each one

यदि विरगंज म.न.पामाको वडा नं १ मा २५ घरपरिवारहरु सर्वेक्षण गर्नुपर्नेछ। नागरिक आकलनकर्ताले न्युनतम कति घरपरिवारहरु संख्या भ्रमण गर्नुपछ
In Ward 1 of Birgunj Mahanagarpalika there are 25 households are to be surveyed. What is the minimum number of households that the citizen assessors should have visited

- ☐ ठयाक्कै त्यहीँ संख्या, २५
  that exact number – 25
- ☐ त्यसको दोब्बर संख्या, ५०
  twice that number – 50
- ☐ त्यसको ५गुणा दोब्बर, १२५
  at least five times that number – 125

सवेक्षण गरिएका घरपरिवारमा आकलन गर्नुपर्ने
In each household that is surveyed we assess

- ☐ ५ देखि १६ वर्षबिचका सम्पूर्ण बच्चाहरु
  all children between 5 and 16
- ☐ ५ देखि १६ वर्षबिचका सम्पूर्ण बच्चाहरु जो विद्यालय जान्छन्
  all children between 5 and 16 that attend school
- ☐ प्राथमिक विद्यालयका सम्पूर्ण बच्चाहरु
  all children in primary school
- ☐ सुन्दर अनुहार भएका सम्पूर्ण बच्चाहरु)
  all children who have a cute face

एउटा घरमा
One house has

- ☐ ठयाक्कै १ घरपरिवार
  exactly one household
- ☐ ठयाक्कै २ घरपरिवार
  exactly 2 households
- ☐ कम्तीमा १ घरपरिवार तर बढी नि हुनसक्छ)
  at least 1 household but could have more

एउटा घरपरिवार भन्नाले
A household consists of

- ☐ सबैको एउटै आमा भएको
  everyone that has the same mother
- ☐ सबैको एउटै बुवा भएको
  everyone that has the same father
- ☐ सबैको एउटै जात भएको
  everyone that shares the same last name
- ☐ सबैजना जो एउटै भान्छामा पकाएको खाना खान्छन्, र साझा खर्च बेहोर्छन
  everyone that regularly eats food cooked in the same kitchen and shares expenses from a common fund

तपाइलाई सिकाउनुकालागि नमुना सर्वेक्षण विधी नै छनोट गरियो किनकी
The sampling method you were taught has been chosen because

- ☐ तपाईको प्रशिक्षकलाई यो शैली मनपर्‍यो
  your trainers like its style
- ☐ यो हाम्रो सपनामा सुझाव गरिएको थियो
  it was suggested to us in our dream
- ☐ यो विशेषज्ञ द्वारा तयार पारिएको र केन्द्रिय तथ्याकं विभागद्वारा प्रमाणित वैज्ञानिक विधी हो
  it is a scientific method designed by experts and verified by the CBS
- ☐ यो गर्न सजिलो छ
  it is easy to do

यदि घरपरिवारमा ५ देखि १६ वर्षबिचका बच्चाहरु भएनन् भने, तपाईले:
If a household does not have children between 5 and 16, you should:

- ☐ त्यो घर छोड्नुहोस र सर्वेक्षण गरिएको घरमा त्यसलाई गणना नगर्नुहोस
  skip the house and NOT count it as a surveyed house
- ☐ त्यो घर छोड्नुहोस र सर्वेक्षण गरिएको घरमा त्यसलाई गणना गर्नुहोस
  skip the house and count it as a surveyed house
- ☐ घरपरिवार सर्वेक्षण गर्नुहोस र सर्वेक्षण गरिएको घरमा त्यसलाई गणना नगर्नुहोस
  conduct the household survey and NOT count it as a surveyed house
- ☐ घरपरिवार सर्वेक्षण गर्नुहोस र सर्वेक्षण गरिएको घरमा त्यसलाई गणना गर्नुहोस
  conduct the household survey and count it as a surveyed household

यदि सबै वा केही बच्चाहरु घर बाहिर खेल्दै रैछन् भने, तपाईले
If some or all of the children are outside playing, you should

- ☐ त्यो घर छोड्नुहोस
  skip the house
- ☐ त्यहाँ भएका बच्चाहरुसँग तथ्याकं आकलन गर्नुहोस र बाँकी बिर्सनुहोस्
  assess only the children that are there AND forget about the rest
- ☐ भएका बच्चाहरुसँग आकलन गनुहोस् र बाँकी रहेकाहरुका लागि पछि फेरी आउनुहोस्
  assess the children present AND come back to assess the others later
- ☐ बच्चाहरुलाई खेल्न दिएकोमा अभिभावकसँग कराउनुहोस्
  yell at the parents for letting their children play

यदि तपाईले छनोट गरेको घर छात्रबास परेछ भने
If you find a house that is a hostel then you should

- ☐ त्यसलाई सुचिकृत फारममा राख्नुहोस्, तर सर्वेक्षण नगर्नुहोस्
  list it in the Listing Form but NOT conduct a survey
- ☐ न त सुची गर्नँहोस न त सर्वेक्षण गर्नुहोस्
  neither list it NOR conduct a survey
- ☐ (सुची नगर्नँहोस तर सर्वेक्षण गर्नुहोस्
  conduct a survey but NOT list it

यदि घर बन्द छ र कोही नि छैन भने, तपाईले
If a house is closed and no one is present, you should:

- ☐ त्यो घर छोड्नुहोस र त्यसलाई सर्वेक्षण गरिएको घरमा गणना गनुहोस)
  skip the house AND count it as a surveyed house
- ☐ त्यो घर छोड्नुहोस र त्यसलाई सर्वेक्षण गरिएको घरमा गणना नगनुहोस
  skip the house and NOT count it as a surveyed house
- ☐ सबै आउँदासम्म पर्खनुहोस्
  wait till everyone comes back
- ☐ पछि फेरी त्यो घर जानुहोस्
  visit the house again later

यदि घरपरिवारले तपाईले सोधका प्रश्नहरुको जवाफ दिन मानेनन् भने, तपाईले
If a household refuses to answer your questions, you should

- ☐ तिनीहरु तपाईसँग रिसाउने गरि उनीहरुसँग तर्क गर्नँहोस्
  argue with them until they get angry at you
- ☐ त्यो घर छोड्नुहोस र त्यसलाई सर्वेक्षण गरिएको घरमा गणना गनुहोस
  skip the house AND count it as a surveyed house
- ☐ त्यो घर छोड्नुहोस र त्यसलाई सर्वेक्षण गरिएको घरमा गणना नगनुहोस
  skip the house and NOT count it as a surveyed house

एउटै घरपरिवारमा बस्ने र खाना खाने घरेलु कामदार
A domestic worker that eats and lives in the household

☐ त्यो घरपरिवारको सदस्य मानिन्छ
is considered a member of the household

☐ त्यो घरपरिवारको सदस्य मानिन्न
is not considered a member of the household

एउटा बच्चा अध्ययनकालागि आफ्नो नातेदारसँग बस्छ तर छुट्टीमा घुम्न गएको छ
A child who lives with relatives to study but is visiting for a vacation

☐ त्यो घरपरिवारको सदस्य मानिन्छ
is considered a member of the household

☐ त्यो घरपरिवारको सदस्य मानिन्न
is not considered a member of the household

एउटा बच्चा अध्ययनकालागि आफ्नो नातेदारसँग बस्थ्यो तर आफ्नो घर फर्किसक्यो भने
A child who used to live with relatives to study but just returned to the house permanently yesterday

☐ त्यो घरपरिवारको सदस्य मानिन्छ
is considered a member of the household

☐ त्यो घरपरिवारको सदस्य मानिन्न
is not considered a member of the household

दोस्रो चरण : प्रश्नावलीमा घरपरिवारको जानकारी भर्ने तरिका

गणना पूर्व स्वयम सेवकले परिवारसँग राम्रो सम्बन्ध कायम गर्नु (Rapport Building) पर्दछ। स्वयम सेवकले यो खण्ड भर्नु भन्दा पहिले परिभाषामा दिईए बमोजिम वास्तविक परिवारमूली को हो भन्ने कुराको जानकारी लिनुपर्दछ र साथसाथै उक्त मूली बिगत १२ महिनामा गणना गर्ने परिवारमा अक्सर बसोबास गरेको छ कि छैन भन्ने कुरा पनि थाहा पाउनु पर्दछ। कहिलेकाहिं परिवारका सदस्यले घरभन्दा टाढा वा परदेशमा बसिरहेका व्यक्तिलाई पनि परिवारमूली भन्न सक्दछन्। यस्तो अवस्थामा स्वयम सेवकले उक्त व्यक्तिको अनुपस्थितिमा परिवारको आम्दानी, खर्च तथा अन्य क्रियाकलापको बन्दोवस्त गर्ने व्यक्तिको खोजी गर्नुपर्दछ र सोही व्यक्तिलाई नै परिवारमूलीको रुपमा गणना गर्नुपर्दछ।

विभिन्न सर्वेक्षणहरुमा प्रयोग भएका केहि शब्दहरुले विषेश अर्थ एवं अवधारणाहरुलाई समेटेको हुन्छन्। यस्ता प्रमुख शब्दहरुको व्याख्या अन्य सर्वेक्षणमा प्रयोग गरिएको भन्दा भिन्न हुनसक्दछ। ती शब्दहरुको अभिप्राय दैनिक जीवनमा प्रयोग गरिने अर्थ भन्दा भिन्न पनि हुनसक्दछ। सबै स्वयम सेवकहरुले ती शब्द र अवधारणा यहाँ परिभाषित गरिए अनुसार राम्ररी र स्पष्टसँग बझ्नु पर्दछ र सोही अनुसार अन्तर्वार्ताको समयमा लागू गर्नुपर्दछ। कुनै शब्द वा अवधारणा बारे स्पष्ट हुन नसकेमा सुपरिवेक्षकसँग छलफल गरी निर्णय लिनुपर्दछ। यसरी पनि समस्या समाधान हुन नसकेमा प्रदेशमा सम्पर्क गरी निर्णय लिनुपर्दछ।

अक्सर/प्राय/मुख्य

अक्सर बसोवास भन्नाले धेरैजसो हुने सन्दर्भ अवधिमा बढि पटक, धेरै जसो वा सामान्यतया लामो अवधि भन्ने बुझ्नु पर्दछ। यस्तो शब्दको प्रयोग जुन प्रसङ्गमा आएको सोही अनुसार बुझ्नु पर्दछ। जस्तै खाना पकाउने मुख्य इन्धन भन्नाले गणनाको समय भन्दा ज्ञछ दिन अगाडी एल पी ग्यास अभाव भई दाउरामा पकाएको भएतापनि सामान्य समयमा वा धेरै जसो समय ग्यास प्रयोग गरिएको भएमा अक्सर खाना पकाउन प्रयोग गरिने इन्धन "एल पी ग्यास" हुन्छ। यसैगरी अक्सर बसोबास भन्नाले धेरै जसो समय बसोबास गरेको स्थानलाई जनाउँछ।

परिवार

- यस सर्वेक्षणको प्रयोजनको निमित्त परिवार भन्नाले एउटै आम्दानी खर्चले चलेको र एउटै भान्सामा खाने व्यक्ति वा व्यक्तिहरुको समूहलाई मानिएको छ।
- परिवारमा एक व्यक्ति मात्र भएको वा धेरै व्यक्तिहरू भएको र सदस्यहरु बीच नाता पर्ने वा नाता नपर्ने हुन सक्दछन्।
- परिवार र परिवारका सदस्य छुट्याउन आम्दानी-खर्च र भान्साको अवधारणा प्रमुख रहेको छ। नागरिकता, जन्मस्थान, स्थायी ठेगाना, रगतको नाता, मतदाता नामावलीको ठेगाना र जग्गा जमीन, व्यवसाय वा रोजगारी भएको स्थान आदि जस्ता आधारमा परिवार सदस्य निर्धारण गर्नुहुँदैन। परिवारको सदस्य हो वा होइन भन्ने कुरा एक वर्ष भित्र अक्सर बसोबास गरेको ठाउँको आधारमा छुट्याउनु पर्दछ। अक्सर बसोबास गरेको ठाउँ यकीन हुन सकेन भने बिगत १२ महिनामा ६ महिना वा सो भन्दा बढी समय बसोबास गरेको ठाउँलाई अक्सर बसोबास गरेको ठाउँ मान्नुपर्दछ।
- व्यक्ति भन्नाले - जुनसुकै उमेर, लिङ्ग, जातजाति, भाषाभाषि, धर्म, वर्ण, वर्ग, विचार, सम्प्रदाय र मानसिक अवस्थाका महिला, पुरुष, बाल-बालिका, वृद्ध, वृद्धा, अपांग, सबलांग लगायत परिवारका प्रत्येक सदस्यलाई जनाउँछ।
- परिवारमा ६ महिना भन्दा कम अवधि बसोबास गरेको भए तापनि निम्न व्यक्तिहरुलाई परिवारको सदस्यको रुपमा समावेश गर्नुपर्छ :
  - » ६ महिना भन्दा कम उमेरको परिवारमा बसोबास गर्ने बच्चा,
  - » ६ महिना भित्र बिबाह भएर आएका व्यक्ति जस्तै बुहारी,
  - » ६ महिनाभन्दा कम अवधिदेखि परिवारमा बसिरहेको भएपनि भविष्यमा स्थायी रुपमा त्यही परिवारमा सँगै बसिरहने व्यक्ति
- बिगत १२ महिनामा कुनै व्यक्ति ६ महिना भन्दा बढी समय परिवारसँगै बसेको भए पनि गणना गर्न गएको समयमा उक्त व्यक्ति स्थायी रुपमै बाहिर गएको, परिवार बाट छुट्टिएको वा अन्यत्र बसोबास गर्न प्रारम्भ गरेका वा बिबाह भै गएको भए त्यस्तो व्यक्ति परिवारको सदस्य मानिदैन।
- होटलमा खाना खाएर सुत्न अन्यत्रको आफ्नो कोठामा जाने व्यक्तिहरु सँगै भान्सामा खान पिन गर्ने भए पनि परिवार सदस्य होइनन्।
- एउटै घरमा बस्ने तर भात भान्सा अलग भएका मानिसहरु एउटै परिवारका सदस्य हुँदैनन। जस्तै : दुई दाजुभाई एउटै घरमा बसोबास गर्दछन तर उनीहरुको भात भान्सा अलग अलग छ, त्यसको खर्चको हिसाब किताब भिन्दाभिन्दै छ भने उनीहरु दुई वटा परिवार हुन्।
- एउटा व्यक्ति बसोवास गरेको ठाउँ निजको आफ्नै स्थायी घर भएको ठेगाना पनि हुनसक्छ भने अस्थाई रुपमा भाडामा बसेको ठाउँ वा उद्योग, व्यापार, व्यवसाय गर्ने स्थान वा अफिसले दिएको क्वाटर पनि हुनसक्छ।
- परिवारमा उपस्थित वा अक्सर बसोबास गर्ने र अनुपस्थित व्यक्तिहरु हुन सक्छन्। सर्वेक्षणको बेला अक्सर बसोबास गर्ने व्यक्तिहरुलाई परिवार सदस्य मानेर लेख्नु पर्छ। अक्सर बसोबास अन्यत्र गर्ने व्यक्तिहरु अनुपस्थितको वर्गीकरणमा पर्दछन्।
- कुनै व्यक्ति दुई वा सो भन्दा बढी ठाउँमा बसोवास गर्ने गरेको छ भने सबैभन्दा बढी समय कहाँ बस्छ त्यही ठाउँबाट गणना गर्नुपर्छ। यसरी पनि छुट्याउन सकिएन भने त्यस्तो व्यक्तिलाई सर्वेक्षण गरिएको परिवारमै ६ महिना भन्दा बढी बस्ने मानेर परिवार सदस्यमा समावेश गर्नुपर्छ।

द्रष्टव्य : स्कूल तथा कलेजका छात्राबास, सैनिक तथा प्रहरी क्याम्प, अस्पताल, कारागार, मन्दिर तथा धर्मशाला र विभिन्न पुनस्थापना केन्द्रहरु, आदिमा बसोबास गर्ने मानिसहरुको समूह पनि परिवार नै हो। त्यस्तो परिवारलाई संस्थागत घरपरिवार (Institutional Household) भनिन्छ। त्यस्ता परिवारहरुको विवरण यस सर्वेक्षणमा संकलन गर्नुपर्दैन। साथै परिवारकै रुपमा बसेको भएतापनि कुटनैतिक नियोग वा सोमा काम गर्ने विदेशी नागरिकको परिवारलाई यस सर्वेक्षणमा समावेश गर्नं हुँदैन। तर छात्राबासमा, मन्दिरमा वा अन्यत्र पालो पहराको लागि बसेको चौकीदार वा पियन वा अन्य कोही परिवारको रुपमा (माथिको परिभाषाअनुसार) बसोबास गरेको भए त्यस्तोलाई परिवार सर्वेक्षणमा सूचीकृत गर्नं पर्दछ।

परिवारमूली

यस सर्वेक्षणको प्रयोजनको लागि परिवारमूली भन्नाले परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरपरिवारको कामकाजमा मुख्य जिम्मेवारी लिई चाँजोपाँजो मिलाउने वा निर्णय लिने परिवारको सदस्य भन्ने सम्झनुपर्दछ। परिवारमूली महिला वा पुरुष जो सुकै हुन सक्छन्। परिवारमूली परिवार मा उपस्थित सदस्य मात्र हुनुपर्दछ। तर परिवारमा पाको उमेरको व्यक्ति हुँदा हुँदै पनि उमेर नपुगेका (१० वर्ष मुनिका) केटाकेटी परिवामूली हुन सक्दैनन। यसरी यस सर्वेक्षणमा परिवारमूली हुनको लागि सामान्यतया परिवारमा उपस्थित रहने/अक्सर बसोवास गर्ने, कम्तिमा १० वर्ष उमेर पुगेको परिवारको महिला वा पुरुष कुनै एक सदस्य हुन सक्दछ र परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरको कामकाजमा चाँजोपाँजो मिलाउने मुख्य व्यक्ति हुनुपर्दछ। तर, परिवारमूली हुन परिवारको सबै भन्दा जेष्ठ वा मान्य सदस्य वा पुरूष नै हुनुपर्छ भन्ने छैन।

पुरा गरेको शैक्षिक तह

व्यक्तिले पुरा गरेको औपचारिक शिक्षाको तह वा उत्तीर्ण गरेको कक्षालाई पुरा गरेको शैक्षिक तह भनिन्छ। कुनै व्यक्तिले पुरा गरेको कक्षा वा तह मात्र यहाँ उल्लेख गर्नुपर्दछ। यहाँ निज पढिरहेको वा पुरा नगरेको कक्षा होइन । यहाँ पुरा गरेको माथिल्लो तह भन्नाले कुनै व्यक्ति ट कक्षामा भर्ना भएको तर उत्तिर्ण गर्न नसकेको हो भने संकेत छ मात्र लेख्नुपर्दछ। शिक्षाको संकेत प्रश्नावलीको अनुसूचीमा राखिएको छ।

सन्दर्भ समय (Reference Period)

सर्वेक्षणमा अवस्था हेरी फरक फरक सन्दर्भ अवधि प्रयोग गरिन्छ। यस सर्वेक्षणमा निम्न प्रकारका सन्दर्भ अवधिको प्रयोग गरिएको छ।
बिगत ७ दिन (अन्तर्वार्ता लिएको अघिल्लो दिन भन्दा अगाडीका ७ दिन)

पाना १ खण्ड क : घरपरिवारको जानकारी

यस खण्डमा तथ्याङ्क संकलन गर्नु अघि घरपरिवारको अवस्थिति, परिवारमूली, आदिको बारेमा थाहा पाउन खोजिएको छ। यसमा छानिएको घरपरिवारमा गई परिवारकै विवरण भरिन्छ। प्रश्नावलीको बाहिरी पाना महत्वपूर्ण हुने हुदाँ अन्य विवरण संकलन गर्नु भन्दा पहिले नै यस पानालाई होशियारीपूर्वक भर्नुपर्दछ। यस पृष्ठमा स्वयम सेवकले फिल्डमा संकलन गर्ने महत्वपूर्ण सूचनाहरु छन् जुन तथ्याङ्क प्रशोधनको समयमा अत्यन्तै उपयोगी हुन्छन्। यस पानामा भरिने केहि विवरणहरु सूचीकरण फार ामबाट सार्नु पर्दछ।

स्वयम सेवकको नाम : यस हरफमा गणना गर्ने व्यक्ति वा स्वयम सेवक हरुको नाम लेख्नुपर्दछ।

A01 - गणना मिति : घरपरिवारको अन्तर्वार्ता लिएको दिनको मिति सम्बन्धित कोठाहरुमा भर्नुपर्दछ। पहिले वर्षे त्यसपछि महिना र त्यसपछि गते लेख्नुपर्दछ। वर्ष लेख्दा विक्रम संवतको पछिल्ला दुई अंक मात्र लेख्नुपर्दछ।

A02 - आइपुगेको समय : घरपरिवारको अन्तर्वार्ता लिन सुरु गर्दाको समय सम्बन्धित कोठाहरुमा भर्नुपर्दछ। अगाडिका २ वटा कोठमा बजे र पछिल्ला कोठामा मिनेट लेख्नुपर्दछ।

A03 - जिल्ला : सम्बन्धित जिल्लाको नाम तथा सो जिल्लाको संकेत अनुसूचीमा दिईएअनुसार लेख्नुपर्दछ। जस्तैः बारा जिल्लाको लागि कोड द्दण्ठ लेख्नुपर्दछ।

A05-A06 - घर नं र परिवार नं. : सम्बन्धित परिवारका लागि घर नम्बर र परिवार नम्बर सूचिकर फारामको महल १ र २ बाट क्रमस उतार्नु पर्दछ।

A07 - गाउँपालिका/नगरपालिका: यस महलमा गणना गर्नुपर्ने परिवार रहेको गाउँपालिको नाम र नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा भए सोही स्थानिय तहको नाम लेख्नुपर्दछ। नाम लेख्दा बुझिने गरी प्रष्टसँग पूरा नाम लेख्नुपर्दछ। उपलब्ध गराईएको गाउँपालिका/नगरपालिकाको कोड समेत लेख्नुपर्दछ।
ब्ण्ड - वडा नं. : यस महलमा गणना गर्नुपर्ने परिवार रहेको गाउँपालि/नगरपालिकाको वडा नं. लेख्नुपर्दछ।

A09 - परिवारमूलीको नाम : छानिएको परिवारको मूलीको पूरा नाम यहाँ लेख्नुपर्दछ। यस सम्बन्धी विस्तृत जानकारी अवधारणा तथा परिभाषाको परिच्छेदमा दिईएको छ।

A10 - सम्पर्क नम्बर : सर्वेक्षणको लागि छानिएको परिवारमूलीको टेलिफोन/मोवाईल नम्बर अनिवार्यरुपमा यस हरफमा लेख्नुपर्दछ। परिवारमूलीको नम्बर नभएमा परिवारमा अक्सर बसोवास गर्ने अन्य कुनै सदस्यको मोवाईल नम्बर लेख्नुपर्दछ।

A11 - जात/जाति : नेपालमा विभिन्न जात/जातिका मानिसहरुको वसोवास रहेको छ । सामान्यतया जात भन्नाले हिन्दू वर्णाश्रम अर्न्तगतका विभिन्न वर्गका समूहलाई जनाउँछ । यिनीहरुको बेग्लाबेग्लै थर र गोत्र हुन्छ । जाति भन्नाले आफ्नै मातृभाषा र संस्कार भएका जनजातिलाई जनाउँछ । उदाहरणको लागि ब्राह्माण, क्षेत्री, कामी, राजपूत, कायस्थ, मारवाडी जात हुन् र भोटे, लिम्बु, तामाङ, थामी आदि जाति हुन् । उत्तरदाताले बताए बमोजिम परिवार मूलीको जातजातिको नाम लेखी तेस्रो महलमा अनुसुचीमा उल्लेख गरिए बमोजिमको जात/जातिको संकेत लेख्नुपर्दछ।

A12 - उत्तरदाताको नाम : छानिएको परिवारमा अन्तर्वार्ता लिँदा उत्तर बताउने व्यक्तिको पूरा नाम यहाँ लेख्नुपर्दछ। यस सम्बन्धी विस्तृत जानकारी अवधारणा तथा परिभाषाको परिच्छेदमा दिईएको छ।

A13 - उत्तरदाताको सम्पर्क नम्बर : उत्तरदाताको टेलिफोन/मोवाईल नम्बर अनिवार्यरुपमा यस हरफमा लेख्नुपर्दछ। उत्तरदाताको नम्बर नभएमा परिवारमा अक्सर बसोवास गर्ने अन्य कुनै सदस्यको मोवाईल नम्बर लेख्नुपर्दछ।

A14 - इमेल : उत्तरदाताको इमेल टेलिफोन/मोवाईल नम्बर अनिवार्यरुपमा यस हरफमा लेख्नुपर्दछ। परिवारमूलीको नम्बर नभएमा परिवारमा अक्सर बसोवास गर्ने अन्य कुनै सदस्यको मोवाईल नम्बर लेख्नुपर्दछ।

A15 - बसोबासको किसिम : यस प्रश्नमा सोधिएको घरको किसिम भन्नाले कानुनी अधिकारको स्वामित्वको किसिमलाइ बुझ्नुपर्छ, अर्थात् परिवारले बसोबास गरेको घर कस्को नाममा दर्ता छ, उसको स्वामित्व हुन्छ । ग्रामीण क्षेत्रका कतिपय घरको कानुनी दर्ता नहुने भएकाले जग्गाको स्वामित्वलाई नै घरको स्वामित्व बुझ्नुपर्दछ। घरको स्वामित्वलाई ४ किसिममा विभाजन गरिएको छ।

निजी : परिवार बसोबास गरेको घर, घरखण्ड वा फल्याट परिवारका कुनै सदस्यको आफ्नै स्वामित्वको भए निजी हुन्छ । बसोबास गरेको घरपरिवारका सदस्यको पुर्खौली हकभोगको तर कानुनीरुपमा नामसारी नभएको भए पनि निजी मानिन्छ । घरपरिवार बसोबास गरेको घरको स्वामित्वबारे उतरदाता सँग सोधी निजी भए संकेत 1 मा गोलो घेरा लगाउनु पर्दछ।

भाडामा : बसोबास गरेको घर, घरखण्ड वा फल्याट परिवारका कुनै सदस्यको स्वामित्वको होइन र घरमा बसेबापत भाडा (नगद वा जिन्सी वा दुबै) तिरेको भए भाडामा भन्ने बुझ्नुपर्दछ । घरमा बसे बापत कुनै किसिमको भाडा तिरेको भए संकेत 2 मा गोलो घेरा लगाउनु पर्दछ।

संस्थागत : परिवारका सदस्यहरु वसेको घर आफू कार्यरत कार्यालय वा संस्थाको स्वामित्वमा रहेको वा कार्यालयले भाडामा लिएको वा कुनै सार्वजानिक स्वामित्व भएको भवनमा रहेछ भने उक्त घरको स्वामित्व संथागत हो। यस्तो घरको स्वामित्व जनाउन संकेत 3 मा गोलो घेरा लगाउनु पर्दछ।

अन्य : आफ्नो नातागोता वा अरु कसैले घरभाडा (नगद वा जिन्सी) तिर्नु नपर्ने गरी उपलब्ध गराएको घरमा परिवारको बसोबास भए अन्य प्रकारको स्वामित्वमा पर्दछ । माथि उल्लिखित घरका किसिम बाहेक यदि कुनै परिवार अन्य प्रकृतिका घरमा जस्तै आफ्नो नातागोता वा व्यक्ति वा घरधनीले उपलब्ध गराएको र घरभाडा (नगद वा जिन्सी) तिर्नु नपर्ने गरी बसोबास गरेको भए अन्यमा खुलाउनुपर्दछ। बसोबास गरेको घर आफनो पनि होइन र त्यहाँ बस्न कसैसँग इजाजत पनि लिएको छैन भने पनि अन्यमा लेख्नुपर्छ। अर्को शब्दमा घर परिवारको निजी पनि होइन, भाडा पनि तिर्नुपर्दैन, त्यहाँ बस्न कसैसँग इजाजत पनि लिएको छैन भने पनि अन्यको संकेत 4 मा गोलो घेरा लगाई कस्तो प्रकृतिको सो समेत खुलाउनु पर्दछ।

A16 - परिवारमा बोलिने मुख्य भाषा : नेपालमा विभिन्न भाषा बोल्ने मानिसहरुको वसोवास रहेको छ । परिवारका सदस्यहरुबीच गरिने सम्वाद वा सञ्चारको मुख्य भाषा यस महलमा लेख्नु पर्दछ। उत्तरदाताले बताए बमोजिम परिवारमा प्रयोग हुने मुख्य भाषाको संकेत अनुसूमा दिइए अनुसार लेख्नुपर्दछ।

A17 - परिवारको जम्मा सदस्य संख्या (अक्सर बसोबास गर्ने) : यो विवरण सम्वन्धित परिवारमा अक्सर बसोबास गर्ने सदस्यहरुको जम्मा संख्या यकिन गरी लेख्नुपर्दछ। यो संख्या A18 को संख्याको योगफलसँग बराबर हुनुपर्दछ।

A18 - परिवारको जम्मा सदस्य संख्या (अक्सर बसोबास गर्ने) : यो विवरण सम्वन्धित परिवारमा अक्सर बसोबास गर्ने सदस्यहरुको जम्मा संख्या उमेर अनुसार यकिन गरी लेख्नुपर्दछ। यो संख्या A17 को संख्यासँग बराबर हुनुपर्दछ।

STEP 2: COLLECTING HOUSEHOLD INFORMATION

Once you have selected a household to survey and assess, you should start by collecting information about the household.

SECTION A: HOUSEHOLD INFORMATION



Section A - Household Information / खण्ड क - घरपरिवारको जानकारी

A01 Date मिति Y Y Y Y / M M / D D

A02 Arrival Time आईपुगेको समय H H : M M am pm

A03 District जिल्ला Code कोड 2 0

A04 Province प्रदेश 2

A05 House No. घर नम्बर

A06 Household No. परिवार नम्बर

A07 Nagarpalika / Gaupalika नगरपालिका/गाँउपालिका Code कोड 2 0

A08 Ward Number वडा नं.

A09 Name of Family Head परिवारमुलीको नाम

A10 Phone फोन नं.

A11 Family Head Caste परिवारमुलीको जात/जाति

A12 Name of Respondant उत्तरदाताको नाम

A13 Phone फोन नं.

A14 Email इमेल

A15 House Ownership बसोबासको किसिम 1 Own House आफ्नै घर 2 Rented House भाडाको घर 3 Official Housing संस्थागत 4 Other अन्य

A16 Language spoken at home परिवारमा बोलिने मुख्य भाषा Code कोड

A17 Total number in household (A household is everyone that shares a kitchen) घरपरिवार रहेको जम्मा सङ्ख्या ? (एउटा परिवार भनेको एउटै भान्छामा खाने सबै सदस्यहरु हुन् ।) Check total / सङ्ख्या जाँच

A18 Total number from age (Write in each box) तलका उमेर अनुसार जम्मा सङ्ख्या ? (हरेक कोठामा नम्बरमा लेख्नुहोस् ।) 0 to 4 ०-४ 5 to 16 ५-१६ Over 17 १७ माथि Total जम्मा सङ्ख्या

STOP रोकिनुहोस Check if total of A18 is same as A17. If YES, move to Section B. के A१८ र A१७ नम्बरमा जम्मा सङ्ख्या बराबर छन् त ? यदि छ भने अगाडिको खण्डमा अघि बढ्नुहोस् ।)

A01. Date: enter the date of the survey according to the Nepali Bikram Sambat calendar.
A02. Arrival Time: enter the arrival time. The arrival and departure time is very important. This helps us verify that the survey was done accurately and not in a rush.
A03. District: write the name of the district
Code: enter the District Code as noted in the Sample Allocation Form
A04. Province: this is pre entered for you
A05. House No: use the same house number as in the Listing Form
A06. Household No: use the same household number as in the Listing Form
A07. Palika: enter the palika name
Code: enter the palika code as per the Sample Allocation Form
A08. Ward Number: enter the ward number as per the Sample Allocation Form
A09. Name of Family Head: Enter the name of the Head of Household. Remember to follow the head of household rules from earlier.
A10. Phone: enter the mobile phone number of the head of household
A11. Family Head Caste: enter the caste/ethnicity of the the head of household. Ask the respondent what caste they are, enter the caste/ethnicity exactly as they tell you. Some examples of caste/ethnicity you might find in Province 2 are: Thaur, Kahar, Gangai, Yadav, Teli etc.
A12. Name of Respondent: if the head of household is not present, you may conduct the interview with any adult member of the household. Write their name here.
A13. Phone: enter the mobile phone number of the respondent
A14. Email: if the respondent has an email then enter it. It is unlikely that many people will have an email.
A15. House Ownership: you have 4 choices to decide from
- Own House: if any member of the family, even if they are not in the household, owns the house
- Rented House: ownership is not in the family AND rent has to be paid in cash or in kind.
- Official Housing: the housing is provided by the employer
- Other: does not fit any of the other categories. This could include people who do not have official documents of ownership. Please who are “sukumbasis” etc.
A16. Language Spoken At Home: ask the respondent which language is spoken at home by the family when they talk to each other. Enter that language here.
Code: enter the code as noted in the code book
A17. Total Number in the Household: count the number of people in the household. Remember to use the rules you learned earlier when assessing if someone is a household member.
A18. Total number from age: often the respondent will get the total number in A17 wrong. Making them give you the numbers by age group helps verify the total from A17. It also allows you to verify if you have gotten all the members of the household later during the survey

हाजिरीजवाफ / QUIZ

आईपुगेको समय
The arrival time is

- ☐ महत्व छैन, म यसलाई बेबास्ता गर्न सक्छू
  not important, I can ignore it
- ☐ वैकल्पिक, मैले चाहेभने भर्न सक्छु
  optional. I can enter it if I want
- ☐ अत्यावश्यक, यो अवलोककालागि महत्वपूर्ण प्रमाणको आधार हो
  Required. It is an important verification tool for monitoring

घरपरिवारको मुख्य व्यक्ति
The head of household/family head is

- ☐ घरपरिवारमा भेटिएको पहिलो वयस्क व्यक्ति
  the first adult you meet in the household
- ☐ धेरै कुरा गर्ने व्यक्ति
  the person that talks the most
- ☐ परिवारमा सबै कुराको निर्णय गर्ने घरपरिवारको वयस्क व्यक्ति
  an adult member of the household who makes the general decisions for the family

यदि घरपरिवारमा कुनचाही मुख्य व्यक्ति भन्ने कुरामा शंका लागेमा
If you have doubts about if someone is the head of household, you should

- ☐ चिंता नगनुहोस् यसले खासै अर्थ राख्दै
  stop worrying because doesn't matter anyway
- ☐ परिवारमा सोध्नुहोस घरको मुख्य व्यक्ति को हो भनेर
  ask the family who the head of household is
- ☐ नमुना सर्वेक्षण भागमा स्थापित नियम अनुसार निर्णय गर्नुहोस्
  refer to the rules established in the Sampling section and make a decision

यदि घरपरिवारमा मुख्य व्यक्ति उपस्थित छैनन् भने, तपाई
If the head of household is not present during the survey you should

- ☐ सर्वेक्षण रोक्नुहोस्
  stop the survey
- ☐ घरको कुनैपनि वयस्क व्यक्तिलाई प्रश्नको जवाफ सोध्नुहोस्
  ask any adult member of the household to answer your questions

यदि घरपरिवार आफ्नै घरपरिवारको सदस्यको नाममा रहेको घरमा बस्छन् भने, त्यो घर तिनीहरुको
If the household lives in a house that is owned by a member of the household then it is their

- ☐ आफ्नो घर
  Own House
- ☐ भाडाको घर
  Rented House)
- ☐ कार्यालयको घर
  Official Housing
- ☐ अन्य
  Other

यदि घरपरिवार काकाको नाममा रहेको घरमा बस्छन् र उनी छुट्टै सडकपारी बस्छन् र अलग्गै भान्छामा खाना खान्छन् भने, त्यो घर तिनीहरुको
If the household lives in house is owned by an uncle that lives across the street and eats from a separate kitchen then it is their

- ☐ आफ्नो घर Own House
- ☐ कार्यालयको घर Official Housing
- ☐ भाडाको घर Rented House)
- ☐ अन्य Other

यदि घरपरिपार घरमा बसेवाफत प्रत्येक महिना भाडा तिर्छन् भने, त्यो तिनीहरुको
If the household lives in a house and pay rent every month then it is their

- ☐ आफ्नो घर Own House
- ☐ कार्यालयको घर Official Housing
- ☐ भाडाको घर Rented House)
- ☐ अन्य Other

घरपरिवार एउटा घरमा बस्छन् जो उनीहरुको आफ्नै हैन। उनीहरु भाडा नि तिर्दैनन्। यद्यपि,उनीहरुले उत्पादन गरेको सम्पूर्ण धानको ३० घरमालिकलाई बुझाउनुपर्छ भने, त्यो तिनीहरुको

A household lives in a house that they do not not own. They do not pay rent. However, they have to give 30% of all the rice they grow each year to the landlord then it their

- ☐ आफ्नो घर Own House
- ☐ कार्यालयको घर Official Housing
- ☐ भाडाको घर Rented House)
- ☐ अन्य Other

घरपरिवारको सबै सदस्य नेपाली, हिन्दी, र मैथली बोल्न जान्दछन्। फरकफरक परिस्थीति अनुसार एकआपसमा उनीहरु सबै भाषामा कुरा गर्छन्। तपाई उनीहरुको घर मा बोल्ने भाषा कसरी निर्धारण गर्नुहन्छ,

All members of a household can speak Nepali, Hindi and Maithali. In different situations they speak all the languages to each other. How can you determine their language spoken at home.

- ☐ उनीहरु कुन भाषा बढि मनपराउछन् सोध्नुहोस्
  ask them which language they like the most
- ☐ उनीहरुले सिकेको पहिलो भाषा कुन हो् सोध्नुहोस्
  ask them which language they learned first
- ☐ साधारणतया आफ्ने परिवारको सदस्यमात्र हुँदा उनीहरु कुन भाषा बोल्छन् सोध्नुहोस्
  ask them which language they generally speak when only family members are present

A17 र A18 का प्रश्नहरुको उद्देश्य
The purpose of questions A17 and A18 are)

- ☐ तपाईले गणना गर्नुभएको घरपरिवारका सदस्यहरु सही छ भनेर प्रमाणित गर्न हो
  to verify that you have an accurate count of household members
- ☐ त्यो तथ्याकं हेरेर खण्ड C, D र E का उत्तरदाताहरुको संख्या प्रमाणित गर्न
  use that data to verify the number of respondents in Sections C, D and E)
- ☐ माथिका दुवै कारणहरु हुन्
  for both the above reasons
- ☐ माथिका दुवै कारणहरु होइनन्
  for neither above reasons

खण्ड ख : घरायसी सामाग्रीहरु

यस खण्डमा परिवार बसोवास गर्ने घरको अवस्था र परिवारको विभिन्न संविधानहरुमा पहुँच जस्तै खानेपानी, विजुली, चर्पी, टेलीफोन, इन्टरनेट आदिको विवरणहरु संकलन गरिन्छ ।

B01-B02-B03-B07-B08-B09 : परिवारले उपयोग गरेका बस्तुहरु

घरपरिवारमा विभिन्न बस्तुहरु हुन सक्दछन् । ती मध्ये परिवारको स्वामित्वमा भएका र पारिवारिक प्रयोजनमा मात्र प्रयोग हुने साइकल, मोटरसाइकल, कार, टेलिभिजन, कम्प्युटर र अन्य पाठ्य सामग्री जस्ता बस्तुहरु भए नभएको एकिन गरी उपयुक्त संकेत गर्नुपर्दछ ।

B04 : परिवारले उपयोग गरेको शौचालय

परिवारका सदस्यहरुले दिसापिसाब गर्ने ठाउँलाई यहाँ चर्पी भनिएको हो । ठाँउ अनुसार चर्पीलाई विभिन्न नाम दिएको पाइन्छ, जस्तै : चर्पी, पाइखाना, शौचालय, ल्याटिन, ट्वाईलेट आदि । परिवारले प्रयोग गर्ने चर्पी परिवार बसेको घरभित्र वा घरको कम्पाउण्ड वा घर नजिकै कुनै ठाउँमा भएको हुनुपर्दछ ।

फ्लस भएको चर्पी : परिवारले प्रयोग गर्ने चर्पी जसमा मेसिन प्रयोग गरेर वा पानी खन्याएर दिसा पिसाबलाई पखाल्न सकिन्छ । त्यस्तो चर्पी प्रयोग गर्ने परिवारको लागि संकेत 1 मा गोलो घेरा लगाउनु पर्दछ ।

चर्पी नभएको: कुनै परिवारको आफ्नो चर्पी नभएर दिसा पिसाव गर्न जंगल, पाखा वा मैदान जाने गरेका हुन सक्छन् । यस प्रकारका परिवारहरुलाई चर्पी नभएको संकेत 3 मा गोलो घेरा लगाउनु पर्दछ ।

B05-B06 : परिवारले उपभोग गरेको विद्युत सुविधा

सम्वन्धित घरपरिवारमा विद्युत सेवा उपलब्ध भए नभएको एकिन गरी उपयुक्त संकेत गर्नुपर्दछ । यदि विद्युत सेवा उपलब्ध भएको भन्ने जवाफ आएमा तत्कालीन समयमा विद्युत सेवा भए नभएको स्वीच थिचेर एकिन गरी उपयुक्त संकेत गर्नुपर्दछ ।

B10 : परिवारको खानेपानीको मुख्य स्रोत

परिवारले पिउनको लागि पानी कहाँबाट ल्याउने गरेको छ, त्यसलाई खानेपानीको मुख्य स्रोत बुझ्नुपर्दछ । खानेपानीको स्रोत भिन्न स्थानका लागि भिन्न भिन्न हुनसक्दछन् र मौसमअनुसार स्रोत फरक पर्न पनि सक्दछ । स्रोत जनाउँदा खानेपानी धेरैजसो कुन स्रोतबाट ल्याउने गरिएको छ, उक्त स्रोत जनाउनुपर्छ । यस प्रश्नमा मानिसले पिउन प्रयोग गर्ने पानीको स्रोतको बारेमा बुझ्न खोजिएको हो । अन्य प्रयोजनको लागि जस्तैः खाना पकाउन वा पखाल्न, पाल्तु चौपाया/पन्छीका लागि, लुगा धुन, खेतबारीमा वा अन्य प्रयोजनको लागि प्रयोग हुने पानीको स्रोतको बारेमा बुझ्न खोजेको होइन । त्यसैले अन्य प्रयोजनको लागि प्रयोग गरेको पानीको स्रोत यहाँ उल्लेख गर्नुहुँदैन ।

धारा/पाइप(घरपरिसर भित्र) : व्यक्तिगत वा सार्वजनिक वा दुबै क्षेत्रबाट व्यवस्था भएको पाइपबाट आउने खानेपानी घरपरिवारले प्रयोग गरिरहेको छ र आफ्नो परिवारले घरपरिसर भित्रबाट नै पानी ल्याउने गरेको छ भने निर्दिष्ट कोठामा संकेत 1 मा गोलो घेरा लगाउनु पर्दछ । यस्तो उत्तर आएमा B11 नसोधि सिधै B12 मा फड्को मार्नुपर्दछ ।

धारा/पाइप(घरपरिसर बाहिर) : पाइपबाट आउने खानेपानी घरपरिवारले प्रयोग गरिरहेको छ र आफ्नो परिवारले घरपरिसर बाहिरबाट पानी ल्याउने गरेको छ भने निर्दिष्ट कोठामा संकेत 2 मा गोलो घेरा लगाउनु पर्दछ ।

हाते पम्प/ट्युबवेल : परिवारले खानेपानीको मुख्य स्रोतको रुपमा ट्युबवेल, हाते (रोअर) पम्प, जेटपम्प जस्ता उपायबाट जमिनमुनिको पानी तानेर खाने वा पिउने गरेको भए संकेत 3 मा गोलो घेरा लगाउनु पर्दछ । केहि स्थानहरुमा ट्युबवेल, हाते (रोअर) पम्पमा धारा जडान गरी पानीको उपयोग गरेको भए तापनि यसलाई धारा पाइप नमानी संकेत 3 मा नै मा गोलो घेरा लगाउनु पर्दछ ।

ढाकिएको इनार/कुवा : परिवारले पिउनको लागि प्रयोग गर्ने गरेको पानी धेरैजसो ढाकिएको इनार वा कुवाबाट ल्याउने गरेको भए संकेत 4 मा गोलो घेरा लगाउनु पर्दछ । ढाकिएको इनारमा रहेको पानी खुला इनारमा रहेको पानीभन्दा तुलनात्मकरुपमा पिउनयोग्य हुने विश्वास गरिन्छ ।

खुला इनार/कुवा : परिवारले खानेपानीको मुख्य स्रोतको रुपमा प्रयोग गर्ने गरेको पानी धेरैजसो खुला इनार वा कुवाबाट ल्याउने गरेको भए संकेत 5 मा गोलो घेरा लगाउनु पर्दछ ।

मूल/ढुङ्गे धारा : परिवारले खाने/पिउने पानी मुख्यतः मूल धारो (पँधेरो) वा ढुङ्गे धाराबाट ल्याउने गरेको भए संकेत 6 मा गोलो घेरा लगाउनु पर्दछ ।

नदी/खोला : परिवारले पिउने पानी धेरैजसो नदी, कुलो, नहर, खोलाबाट ल्याउने गरेको भए संकेत 7 मा गोलो घेरा लगाउनु पर्दछ ।

जार/बोतल/ट्यांकर : परिवारले पिउने पानी धेरैजसो जार/बोतलको प्रयोग गर्ने भएसंकेत 8 मा गोलो घेरा लगाउनु पर्दछ ।

अन्य : माथि उल्लेख गरेका स्रोतहरु बाहेक परिवारले खानेरपिउने पानी अन्य कुनै ठाउँ वा स्रोतबाट जस्तै तलाउ, पोखरीबाट ल्याउने गरेको भए संकेत 9 लेख्ने कुन स्रोत हो, स्पष्ट बुझिने गरी खाली स्थानमा लेख्नुपर्दछ ।

B11 : खानेपानी ल्याउन लाग्ने समय

यो प्रश्न B10 मा संकेत 1 र 8 आएका बाहेक अवस्थामा मात्र सोधिन्छ । अर्थात खानेपानीको मुख्य श्रोत घरपरिसर वाहिर भएका र जार/बोतल/ट्यांकर नभएका परिवारले पिउनको लागि पानी ल्याउने मुख्य स्रोतबाट पानी संकलन गरी बासस्थान सम्म ल्याउन लाग्ने सयम मिनेटमा लेख्नु पर्दछ ।

B12 : परिवारले खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धन वा उर्जा

उज्यालो, तातो (ताप) वा उष्णता प्राप्त गर्नका लागि प्रयोग गरिने वस्तुलाई इन्धन भनिएको हो । यस सन्दर्भमा दाउरा, मट्टीतेल, डिजेल, पेट्रोल, कोइला आदि इन्धनका उदाहरण हुन् । परिवारले खाना पकाउँदा धेरैजसो कुन इन्धन प्रयोग गर्दछन् सोधी धेरैजसो प्रयोग गरेको इन्धन जनाउनुपर्दछ ।

काठ/दाउरा : परिवारले खाना पकाउन सामान्यतया जुनसुकै प्रकारको काठ/दाउरा प्रयोग गर्ने भए काठ/दाउरा जनाउन संकेत 1 मा गोलो घेरा लगाउनु पर्दछ ।

सिलिण्डर ग्याँस : सिलिण्डरमा बन्द गरेको एल. पी. ग्याँस खाना पकाउन प्रयोग गरेको भए कोष्ठमा संकेत 2 मा गोलो घेरा लगाउनु पर्दछ ।

बिजुली : परिवारमा खाना पकाउने काममा अक्सर विद्युत् शक्ति प्रयोग गरेको भए संकेत 3 मा गोलो घेरा लगाउनु पर्दछ ।

गोबर/गुइँठा : गाई, गोरु, भैँसीको गोबर संकलन गरी, सुकाई बनाएको गुइँठा अथवा गोबरमा सुठी, काठ, दाउरा, पराल, सोतर आदि मिसाएर बनाएको गोरहा जस्ता इन्धन

खाना पकाउने कामका लागि अक्सर प्रयोग गरेको भए संकेत 4 मा गोलो घेरा लगाउनु पर्दछ ।

गोबर ग्याँस : पशुपन्छी वा अन्यको गोबरबाट जैविक (बायो) ग्याँस उत्पादन गरी परिवारको खाना पकाउने काममा प्रयोग गरेको भए संकेत 5 मा गोलो घेरा लगाउनु पर्दछ ।

मट्टीतेल : विभिन्न प्रकारका स्टोभमा मट्टीतेल प्रयोग गरी खाना पकाउने गरेको भए संकेत 6 मा गोलो घेरा लगाउनु पर्दछ ।

अन्य : माथि उल्लेख भएका इन्धन बाहेक प्राकृतिक ग्याँस, पत्थर कोईला, ब्रिकेटबाट घरपरिवारको खाना पकाउने काममा अक्सर प्रयोग गरेको भए कोष्ठमा अन्यको संकेत 7 मा गोलो घेरा लगाई सो के हो लेख्नुपर्दछ ।

SECTION B: HOUSEHOLD ASSETS

In section B, we only want to know about assets the household owns. In this section we are not interested in the use of assets but the ownership. For example, if a household member has a official motorcycle that they can also use for their private purposes, we do not count it.

However, if the ownership is of a family member, even if they are not a member of the household, then we count it. For example, Ravi is using his brothers motorcycle. His brother has a separate household but allows Ravi to continue using the motorcycle. In this case we count it as owned by Ravi's household also.



Using the above rule you can work with B01, B02, B03, B07, B08

B04. Check what kind of toilet the household uses. It makes no difference if the toilet is inside the house or outside. However ask if there is a flush and mark it accordingly. If there is no toilet at all then mark that box.

B05. Check if there is an electricity connect to the household. In this question we do not care if the connection is from the main grid, a micro hydro or other power generation sources. We also do not check if the connection is working. We are only interested in knowing if a connection exists.

B06. Check if there was power in the household at any time during the surveyed day.



B09. Check if there is any reading material in the house besides textbooks. These could including newspapers, religious books, or story books. The reading material could be for kids or for adults.

B10. Ask what the main source of drinking water is. The house may have multiple sources of drinking water. The main source is the one from which the household usually get its drinking water.
Remember this for DRINKING water only. We are not check where the water for washing or other activities comes from.

B10
What is the main source of drinking water in your household?
तपाईंको परिवारको खानेपानीको मुख्य स्रोत कुन हो?

1 Tap / Pipe (Inside house) धारा/पाइप (घरपरिसर भित्र)
2 Tap / Pipe (Outside house) धारा/पाइप (घरपरिसर बाहिर)
3 Tubewell / Hand pump ट्युबवेल/हाते पम्प
4 Covered well / Pond ढाकिएको इनार/कुवा
5 Open well / pond खुला इनार/कुवा
6 Main pipeline मूल धारा
7 River नदी/खोला
8 Jar / Bottle जार/बोतल
9 Others (Please specify) अन्य भए खुलाउने

If 1 or 8, go to B12.

B11
How long does it take to bring drinking water from source to house?
मुख्य स्रोतबाट घरमा खानेपानी ल्याउन कति समय लाग्छ ?

If yes, write in minutes. If no write 0.
यदि लाग्छ भने मिनेटमा लेख्नुहोस । यदि लाग्दैन भने ० लेख्नुहोस

B12
What cooking fuel do you mainly use for cooking?
यस परिवारमा खाना पकाउन अक्सर (मुख्य रुपमा) कुन इन्धन प्रयोग गर्नुहुन्छ ?

1 Firewood काठ/दाउरा
2 L.P Gas एल.पी. ग्यांस
3 Electricity बिजुली
4 Cow dung गोबर/गुंइठा
5 Bio Gas गोबर ग्यांस
6 Kerosene मट्टीतेल
7 Others (Please specify) अन्य भए खुलाउने

B11. Ask how long it takes to bring DRINKING water from the MAIN source. For e.g. if the main source is a tap inside the house then skip this question and go to B12.

B12. Ask which fuel is mainly used for cooking. A household may use multiple fuels. Here we are interested in the fuel source they generally use most often. Also we are interested in fuel that is use for cooking food for the household. Exclude fuel used to cook for animal feed, for heating etc.

हाजिरीजवाफ / QUIZ

घरपरिवारमा मोटरसाईकल छ र त्यो निजी काममा प्रयोग गर्न मिल्छ। त्यो सेतो नम्बर प्लेट हो जुन सरकारी जागिर वापत मिलेको हो। के त्यसलाई हामी घरपरिवार को.....मा गणना गर्छौं?

The household has a motorcycle it can use for personal purposes. It is a white plate motorcycle that someone gets because they have a government job. Do we count this household as

- ☐ मोटरसाईकल हुनु
  Owning a motorcycle
- ☐ मोटरसाईकल नहुनु
  Not owning a motorcycle

घरपरिवारमा ट्याक्टर छ र त्यो कृषि काममा प्रयोग हुन्छ। त्यो उनीहरुको आफ्नै हो। के त्यसलाई हामी घरपरिवारको.....मा गणना गर्छौं?

The household has a tractor they use for farming purposes. They own the tractor. Do we count this household as

- ☐ कारर४ पाङ्ग्रे सवारी हुनु
  Owning a car/4 wheel vehicle
- ☐ कारर४ पाङ्ग्रे सवारी नहुनु
  Not owning a car/4 wheel vehicle

एउटै घरमा एउटा घरपरिवारले प्रयोग गर्ने शौचालय अर्को घरपरिवारले नि प्रयोग गर्छ। शौचालयमा फ्लस छ। हामी यसलाई चिन्ह लगाउछौ:

The household shares a toilet inside the house with another household. The toilet has a flush. We mark this as:

- ☐ फ्लस भएको
  With flush
- ☐ फ्लस नभएको
  Without flush
- ☐ शौचालय नभएको
  No toilet

घरपरिवारमा घरबाहिर शौचालय छ। शौचालयमा फ्लस छ। हामी यसलाई चिन्ह लगाउछौ

The household has a toilet outside the house. It has a flush. We mark this as

- ☐ फ्लस भएको
  With flush
- ☐ फ्लस नभएको
  Without flush
- ☐ शौचालय नभएको
  No toilet

घरपरिवारले पिउनका लागि जारको पानी प्रयोग गर्छ तर धुनकालागि धाराबाट जति नि पानी आउँछ। पिउने पानीका लागि हामी टिप्न सक्छौ:

The household get its drinking water from a jar but gets plenty of water for washing from the tap. For the drinking water source we should record:

- ☐ धारा
  Tap
- ☐ जार
  Jar
- ☐ अन्य
  Others

घरपरिवारले पिउनका लागि सरकारी जार र धाराको पानी प्रयोग गर्छ। धाराको पानी हप्ताको १ दिनमात्र टन्न आउँछ। पिउने पानीका लागि हामी टिप्न सक्छौ

The household get its drinking water from both the government jar and tap. The tap water is enough for a one day a week only. For the drinking water source we should record:

- ☐ धारा
  Tap
- ☐ जार
  Jar
- ☐ अन्य
  Others

खण्ड ग : १७ बर्ष र सो भन्दा बढि उमेर भएकाहरुको लागि

यस खण्डमा परिवारका सदस्यहरु यकिन गरी निजहरुको नाम, उमेर, लिङ्ग, शैक्षिक स्थिति आदिको बारेमा विवरण संकलन गरिन्छ ।

C01 : नाम

यस महलमा सम्वन्धित परिवारका 17 वर्ष वा सो भन्दा बढी उमेरका सबै सदस्यहरुको नाम लेख्नुपर्दछ । यो महलमा भएका व्यक्तिको संख्या A18 को तेस्रो कोठामा लेखिएको संख्यासँग मिल्नु पर्दछ ।

C02 : उमेर

यस महलमा अन्तर्वार्ता लिएको दिनसम्ममा सम्वन्धित व्यक्तिको पूरा भएको उमेर लेख्नुपर्दछ । यदि कुनै व्यक्ति ९ वर्ष ११ महिना २९ दिनको भए पनि 9 वर्ष मात्र ले ख्नुपर्दछ । उत्तरदाताले सम्बन्धित व्यक्तिको उमेर भन्न नसक्ने अवस्था भएमा के कस्ता प्रयासहरु गर्दा उमेर थाहा पाउन सकिन्छ त्यही प्रयास गर्नुपर्दछ । उदाहरणको लागि: ११९० सालको महाभूकम्प, २००७ सालको क्रान्ती, २०१७ सालको घटना, २०३६ सालको घटना, २०४५ सालको भुकम्प, २०४६ सालको जन आन्दोलन, २०५८ सालको दरबार काण्ड, २०६२/६३ को दोश्रो जन आन्दोलन आदि वा स्थानीय स्तरका घटनाहरु जस्तै: ठूलो पहिरो गएको वर्ष, हैजाको माहामारी लागेको वर्ष आदि घटना हुँदा सम्बन्धित व्यक्ति कति वर्षको थियो सो पत्ता लगाएर पनि उमेर अन्दाज गर्न सकिन्छ ।

C03 : परिवारका सदस्यको लिङ्ग

ID Code अनुसार क्रमैसँग यस महलको प्रश्न C03 सोधी पुरुष भए संकेत 1 , महिला भए संकेत 2 र अन्य भए घ लेख्नुपर्दछ ।

C04 : योग्यता

उत्तरदाताले पूरा गरेको कक्षाको पढाईलाई यस महलमा संकेतमा उल्लेख गर्नुपर्दछ । कुनै व्यक्तिले पूरा गरेको कक्षा मात्र यहाँ उल्लेख गर्नुपर्दछ । निज पढिरहेको वा पुरा नगरेको कक्षा होइन । 1 कक्षा पनि पास नगरेका वा कहिल्यै विद्यालय नगएकाको योग्यता 00 हुन्छ । यहाँ पुरा गरेको माथिल्लो तह भन्नाले कुनै व्यक्ति ५ कक्षामा भर्ना भएको तर पास गर्न नसकेको हो भने योग्यता 4 कक्षा मात्र हुन्छ । कक्षा 1 देखि 12 कक्षा सम्म योग्यता भएमा संकेत 1 लेख्नुपर्दछ । कुनै बिद्यार्थीले CTEVT अन्तर्गत पूरा समयको तालिम लिई T. S. L. C. पास गरेको भए SLC पास गरे सरहको मान्नुपर्दछ । त्यसैगरी कुनै बिद्यार्थीले सवओभरसियर पास गरेको भए S.L.C. र ओभरसियर पास गरेको भए व्यवसायिक शिक्षाको कोड 16 पास गरे सरह मान्नुपर्दछ ।
यसैगरी हाल पढाइ गरिरहेका व्यक्तिको पनि सोही अनुसार कोड छनोट गर्नुपर्दछ ।

C05 : मोवाइल फोन

सम्वन्धित व्यक्तिसँग सोधी उसको आफ्नै मोवाइल फोन भए संकेत 1 , नभए संकेत 2 लेख्नुपर्दछ ।

C07 : इन्टरनेट चलाउन मिल्ने मोवाइल फोन

सम्वन्धित व्यक्तिसँग सोधी उसको आफ्नै मोवाइलमा इन्टरनेट चलाउन मिल्ने भए संकेत 1 , नभए संकेत 2 लेख्नुपर्दछ ।

C08 : इन्टरनेट चलाउने माध्यम (साधन)

सम्वन्धित व्यक्तिसँग सोधी उसले इन्टरनेटमा पहुँच हुन उपयोग गर्ने साधन अनुसारको दिइएको कोड लेख्नुपर्दछ । जस्तै : मुख्यत आफ्नै मोवाइल फोन भए 11, आफ्नै कम्प्युटर वा ल्यापटप भए 22, परिवारका अन्य सदस्यको मोवाइल फोन भए 33, आदि ।

C09 : बैंक खाता

सम्वन्धित व्यक्तिसँग सोधी उसको आफ्नै बैंक खाता भए संकेत 1 , नभए संकेत 2 लेख्नुपर्दछ । बैंक भन्नाले चाहेको बेलामा आफैले चेक, ATM आदि मार्फत लेन देन गर्न मिल्ने बाणिज्य बैंक, विकास बैंक, फाइनाइन्स कम्पनी, लघुवित्त बैंक, बचत तथा ऋणको कारोवार गर्ने सहकारी

SECTION C : FOR AGE 17 YEARS AND OVER

In this section you enter all the details of members of household who are 17 years and over

C01: Full name of the household member

C02: Age of the household member

C03: Enter one of the following codes for the gender of the household member

- Enter “1” If the member is male
- Enter “2” if the member is female
- Enter “3” if the gender of the member is other

C04: Here you enter the level of your education qualification

Here in the box you enter the level of your education

- 00 - Never attended school
- 01 - Grade 1
- 02 - Grade 2
- 03 - Grade 3
- …….
- 10- Grade 10

- 11- First year 10+2
- 12 - Second year 10+2
- 13 - Bachelors
- 14 - Masters
- 15 - Ph.D
- 16- Vocational degree

In this you fill the number in both “Completed” as well as “Running”

- Completed- If the degree exam result has come out and one has passed the exam
- Running- If they are still studying the degree

Section C - For age 17 and over / खण्ड ग - १७ वर्ष र सो भन्दा बढि उमेर भएकाहरुको लागि

Total number of names should be equal to the number in A18 (Over 17)
यसमा उल्लेख नामहरु माथि A१८ (१७ माथि) को सङ्ख्या संग मेल खानुपर्दछ ।

C03 Gender Code लिङ्गको कोड	C04 Degree Code योग्यताको कोड	C08 Access internet Code इन्टरनेटमा पहुँचको कोड
1 : M / पु	00 / ०० : None / छैन	11 / ११ : Own Phone / आफ्नै मोबाईलमा
2 : F / मु	01 - 12 / ०१-१२ : School/+2 विद्यालय/१०+२	22 / २२ : Own Computer / आफ्नै कम्प्युटरमा
3 : O / अ	13 / १३ : Bachelors / स्नातक	33 / ३३ : Family Members' Phone / घरको अरु सदस्यको मोबाईलमा
	14 / १४ : Masters/ स्नातकोत्तर	44 / ४४ : Family Members' Computer / घरको अरु सदस्यको कम्प्युटरमा
	15 / १५ : Ph.D / विद्यावारिधी	55 / ५५ : School Computer / विद्यालयको कम्प्युटरमा
	16 / १६ : Vocational / व्यवसायिक	66 / ६६ : Public Cyber / सार्वजनिक साईबरबाट

	C01	C02	C03	C04		C05	C06	C07	C08	C09
No. नं	Name नाम	Age उमेर	Gender लिङ्ग	Degree योग्यता		Mobile phone? मोबाईल फोन ?	Internet mobile phone? इन्टरनेट मोबाईल छ ?	Uses Internet इन्टरनेट चलाउनु हुन्छ?	Access internet? इन्टरनेटमा पहुँच ?	Has Bank Account? बैंक खाता छ ?
				Completed	Running					
1	Anusha Yadav	25	F	13	14	1 Yes/ छ 2 No/ छैन	1 Yes/ छ 2 No/ छैन	1 Yes/ छ 2 No/ छैन	11	1 Yes/ छ 2 No/ छैन
2	Ravi Baral	18	M	09	16	1 Yes/ छ 2 No/ छैन	1 Yes/ छ 2 No/ छैन	1 Yes/ छ 2 No/ छैन	66	1 Yes/ छ 2 No/ छैन

C05: Circle the appropriate answer, yes if they have mobile phone, no if they dont have mobile phone

C06: Circle the appropriate answer
Yes - if they have a phone which can access internet
No - if they dont have mobile which can access internet

C07: Circle the appropriate answer
Yes - if they use internet
No - if they don’t use internet

C08: Choose one of the following number for the access of the internet

- 11- Using own phone
- 22- using own computer
- 33- using family members phone
- 44- using family members computer
- 55- using school computer
- 66- Using cyber

C09:Circle the appropriate answer
Yes - if they have bank account
No - if they don’t have bank account

हाजिरीजवाफ / QUIZ

माथि दिएको फाराममा एउटा गल्ति छ। के तपाई पत्ता लगाउनसक्नु हुन्छ?
There is an error in the form shared above. Can you spot it?

- ☐ फरक थर भएका २ व्यक्ति एउटै घरपरिवारमा हुन्नन्
  People with 2 different last names cannot live in the same household
- ☐ प्रयोग भएको कोडमा लैंगिकता भरिएको छैन
  The Gender is not filled in using the code
- ☐ केहीपनि गल्ति छैन
  There is nothing wrong with it.
- ☐ ६६ सही इन्टरनेट कोड होइन
  66 is not a valid internet use code

राधा १५ वर्षकी भईन् र उनको बैंकमा खाता छैन। तपाईले:
Radha is 15 years old and does not have a bank account. You should:

- ☐ C09 लाई हैनमा चिन्ह लगाउनुहोस्
  mark C09 as No
- ☐ ाधालाई खण्ड C मा नलग्नुहोस् किनकी उनी १६ वर्षमूनिकी छिन्
  not have Radha in Section C because she is 16 and under

हरी अहिले BSc मा पढिरहेको छ। उसले +2 उत्तीर्ण गरिसक्यो। तपाईले:
Hari is currently enrolled in a BSc. He has successfully passed his +2. You should:

- ☐ १२ लाई उच्च शिक्षामा र १३ लाई पढ्दै गरेकोमा भनुहोस्
  enter 12 in highest degree complete and 13 in running
- ☐ १२ लाई उच्च शिक्षामा र बाँकी छोड्नुहोस
  enter 12 in highest degree complete and leave running blank
- ☐ उच्च शिक्षामा छोड्नुहोस र १३ लाई पढ्दै गरेकोमा भनुहोस् भर्नुहोस्
  leave highest degree complete blank and enter 13 in running

श्याम ६२ वर्षका भए। एनले ५ कक्षासम्म पढे अनि पढाई छोडे। तपाईले:
Shyam is 62. He attended school till grade 5 and stopped after that. You should

- ☐ ०५ लाई उच्च शिक्षामा र पढ्दै गरेकोमा भनुहोस्
  enter 05 in both highest degree complete and running
- ☐ ०५ लाई उच्च शिक्षामा र बाँकी छोड्नुहोस
  enter 05 in highest degree complete and leave the running blank
- ☐ उच्च शिक्षामा छोड्नुहोस र ०५ पढ्दै गरेकोमा भर्नुहोस्
  leave highest degree complete blank and enter 05 in running

विन्दाले SLC दिइन। तर उनको नतिजा आएको छैन। उनी अहिले १२ प्रवेशिका परीक्षाको तयारी गर्दैछिन्। तपाईले:
Binda has just appeared for the SLC. Her results are not out. She is currently preparing for +2 entrance. You should:

- ☐ १० लाई उच्च शिक्षामा र ११ पढ्दै गरेकोमा भनुहोस्
  enter 10 in highest degree complete and 11 in running
- ☐ १० लाई उच्च शिक्षामा र बाँकी पढ्दै गरेको छोड्नुहोस
  enter 10 in highest degree complete and leave running blank
- ☐ ०९ लाई उच्च शिक्षामा र बाँकी पढ्दै गरेको छोड्नुहोस
  enter 09 in highest degree complete and leave running blank

सुरेशले उसको दाइको मेबाईलबाट इन्टरनेट चलाउछ। उसका लागि कुन कोड प्रयोग गर्नुहुन्छः
Suresh accesses the internet using his brothers mobile phone. What code should you enter for him?

- ☐ 11- आफ्नै फोन प्रयोग
  Using own phone
- ☐ 22- आफ्नै कम्प्युटर प्रयोग
  using own computer
- ☐ 33(घरको सदस्यको फोन प्रयोग
  using family members phone
- ☐ 44- घरको सदस्यको कम्प्युटर प्रयोग
  using family members computer
- ☐ 55- स्कुलको कम्प्युटर प्रयोग
  using school computer
- ☐ 66- साईबरको प्रयोगग्कष्लन
  Using cyber

रानीले साईबरक्याफेको कम्प्युटरको प्रयोग गरि आफ्लो साथीसँग फेसबुकबाट कुरा गर्छिन। उनका लागि कुन कोड प्रयोग गर्नुहुन्छः?
Rani talks to her friend in Australia using Facebook on a computer in a cyber phone. What code should you enter for her?

- ☐ 11- आफ्नै फोन प्रयोग
  Using own phone
- ☐ 22- आफ्नै कम्प्युटर प्रयोग
  using own computer
- ☐ 33(घरको सदस्यको फोन प्रयोग
  using family members phone
- ☐ 44- घरको सदस्यको कम्प्युटर प्रयोग
  using family members computer
- ☐ 55- स्कुलको कम्प्युटर प्रयोग
  using school computer
- ☐ 66- साईबरको प्रयोगग्कष्लन
  Using cyber

रबिनसँग फोन छैन। तर उसले आफ्नो आमाको फोनको प्रयोग गरेर युट्युब चलाउँछ। उसका लागि कुन कोड प्रयोग गर्नुहुन्छः
